ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

वर्ष २० | अंक १६४ | काठमाडौं | बिहीवार, ७ चैत २०८१ | Thursday, 20 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

एभरेष्ट बैंक र नेशनल बैंकिङ इन्स्टिच्युटबीच सम्झौता २
बर्ली होम अप्लायन्सका एयर कुलर सार्वजनिक ३
कसरी बढ्छ वित्तीय साक्षरता ? ४
मध्यवर्ती क्षेत्रको पुनः सीमांकन गर्न समितिको निर्देशन ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस् हामी यताबाट कल गर्छौं ।

# निःशुल्क वाइफाई सुविधा बन्द गर्ने सोचमा सरकार

## यसको मुख्य कारण मोबाइल सेवाप्रदायकहरूको चर्को दबाब

**विजय दमासे**

काठमाडौं

पछिल्लो समय आफ्नो बजार विस्तारलाई आक्रामक बनाइरहेको इन्टरनेट सेवाप्रदायक कम्पनी वर्ल्डलिंक कम्युनिकेशन्सले काठमाडौंसहित देशका विभिन्न भागमा १४ हजारभन्दा बढी डिभाइसबाट निःशुल्क वाइफाई (फ्री-वाइफाई) सुविधा दिइरहेको छ ।

डिजिटल नेपालको लक्ष्यमा सहयोग गर्न निःशुल्क वाईफाई उपलब्ध गराइएको र यसलाई निरन्तरता दिइने वर्ल्डलिंकका एक उच्च अधिकारीले बताए ।

कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत नागरिक उड्डयन प्राधिकरणको आग्रहमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलसहित देशका करीब सबै विमानस्थल, पशुपतिनाथ, स्वयम्भूसहित सम्पदा क्षेत्र, काठमाडौं महानगरको आग्रहमा उपत्यकाभरका सार्वजनिक स्थानमा निःशुल्क वाइफाई उपलब्ध गराइसकेको ती अधिकारीले जानकारी दिए ।

'अब १ वर्षमा १५/२० हजार स्थानमा निःशुल्क हटस्पट सञ्चालन गर्ने योजना छ,' उनले भने । फ्री वाइफाईले मोबाइल डेटा खपतमा कमी आएको भन्दै त्यस्तो सुविधा बन्द गर्न दूरसञ्चार कम्पनीहरू लबिइङमा लागेका छन् भने उनीहरूकै दबाबमा बन्द गर्ने तयारीमा नियामक निकाय लागेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले वर्ल्डलिंकको मोबिलिटी वाइफाई सेवा बन्द गर्ने तयारी भइरहेको संकेत गरे । इन्टरनेट सेवाप्रदायक (आईएसपी) ले प्रदान गर्ने यस्तो वाइफाई सेवा बन्द गर्नेबारे छलफल भइरहेको उनको भनाइ छ ।

भण्डारीका अनुसार टेलिकम अपरेटरबाट आईएसपीको फ्री वाइफाईका कारण आम्दानीमा नकारात्मक असर परेको गुनासो आइरहेको छ । 'वाइफाई मोबिलिटीले हाम्रो आम्दानी घट्यो भनेर इन्डस्ट्रीबाट कम्प्लेन आइरहेको छ । हामीले यसको मनिटरिङ पनि गर्‍यौं,' गत साता राजधानीमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष भण्डारीले भने, 'अहिले २ लाख मान्छेले यो सेवा प्रयोग गरिरहेका छन् र उनीहरूले हजारौं/लाखौं गिगाबाइट डेटा प्रयोग गरिरहेका छन् ।'

यसलाई बन्द गर्दा नेटवर्कमा कस्तो असर पर्छ भनेर मूल्यांकन गरी त्यही अनुसारको निर्णय लिने उनले सुनाए । 'यदि बन्द गरियो र त्यसको असरस्वरूप टेलिकमकै नेटवर्कमा समस्या आयो भने कसरी समाधान गर्ने भन्ने योजना पनि बनाउनुपर्छ,' उनले भने ।



**वाइफाईले हाम्रो आम्दानी घट्यो भनेर इन्डस्ट्रीबाट कम्प्लेन आइरहेको छ । हामीले यसको अनुगमन पनि गर्‍यौं । अहिले २ लाख मान्छेले यो सेवा प्रयोग गरिरहेका छन् र उनीहरूले हजारौं/लाखौं गिगाबाइट डेटा प्रयोग गरिरहेका छन् । यसलाई बन्द गर्दा नेटवर्कमा कस्तो असर पर्छ भनेर मूल्यांकन गरी निर्णय लिइनेछ ।**

**भूपेन्द्र भण्डारी**
अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण



**हामीले धेरैपल्ट प्राधिकरणलाई आईएसपीको निःशुल्क वाइफाई बन्द गर्न चिठी लेखिसक्यौं । हामीले २०-२० अर्ब नवीकरण शुल्क तिरेर जीएसएम मोबाइलको लाइसेन्स नवीकरण गर्नुपर्छ । आईएसपीहरूले ४-५ लाख तिरेर फ्री वाइफाई दिने हो भने जीएसएम मोबाइल सेवा कसले चलाउँछ ?**

**हरि ढकाल**
प्रवक्ता, नेपाल टेलिकम

### वर्ल्डलिंकको बजार अंश झन्डै एक तिहाइ

इन्टरनेट सेवाप्रदायकहरूमध्ये सबैभन्दा धेरै ग्राहक वर्ल्डलिंक कम्युनिकेशन्सको रहेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको पछिल्लो प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको माघ मसान्तमा यसको बजार अंश ३१ दशमलव ७८ प्रतिशत छ । यसको सबैभन्दा धेरै ९ लाख ७२ हजार ७८१ ग्राहक छन् ।

दोस्रो ठूलो बजार अंश ओगटेको नेपाल टेलिकमका ३ लाख २१ हजार ७५८ ग्राहक छन्, जुन बजार अंशको हिसाबले ११ दशमलव ४३ प्रतिशत हो ।

त्यसपछि डिसहोम ११ दशमलव २३ प्रतिशत, सुबिसु केबल १० दशमलव १४ प्रतिशत र भायानेट कम्युनिकेशन्स ७ दशमलव ९१ प्रतिशत बजार अंश ओगटी 'टप फाइभ'मा परेका छन् । माघ मसान्तसम्म जम्मा ३० लाख ६१ हजार ग्राहकले आईएसपीहरूबाट इन्टरनेट सेवा लिइरहेको प्राधिकरणको तथ्यांक छ ।

आईएसपीले 'वन टाइम रजिस्ट्रेशन' तथा 'सिमलेस कनेक्टिभिटी' दिन नपाउने भन्दै टेलिकम कम्पनीहरूले बारम्बार आवाज उठाउने गरेका छन् ।

» बाँकी पृष्ठ ५ मा

चमेलिया जलविद्युत् आयोजनाको भुक्तानी विवाद

# चिनियाँ कम्पनीलाई ८६ करोड तत्काल नतिर्न सर्वोच्चको अन्तरिम आदेश

**अभियान संवाददाता**

काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले चिनियाँ निर्माण कम्पनी चाइना गेजुवा ग्रूप कर्पोरेशन लिमिटेड (सीजीजीसी) लाई तिर्नुपर्ने ८६ करोड रुपैयाँ तत्काल नतिर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

सीजीजीसी चमेलिया जलविद्युत् आयोजनाको निर्माण कम्पनी हो । यसअघि उक्त कम्पनीलाई प्राधिकरणले भुक्तानी दिनुपर्ने भन्दै उच्च अदालत पाटनले गत भदौ ३० मा गरेको फैसलालाई तत्काल कार्यान्वयन नगर्न भन्दै सर्वोच्चले यस्तो आदेश जारी गरेको हो । आइतवार सर्वोच्च अदालतका न्यायाधीश बालकृष्ण ढकालको एकल इजलाशले मध्यस्थ न्यायाधिकरणको निर्णय सदर गर्दै उच्चले गरेको फैसला तत्कालका लागि कार्यान्वयन नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारी गरेको हो । उच्च अदालत पाटनले मध्यस्थ न्यायाधिकरणको निर्णयअनुसार सीजीजीसीलाई ८६ करोड रुपैयाँ भुक्तानी दिन भन्दै नेपाल विद्युत् प्राधिकरणलाई आदेश दिँदै फैसला गरेको थियो । तर, प्राधिकरणले भुक्तानी नगरेपछि निर्माण कम्पनी पुनः अदालत गएको थियो ।

शुरूमा निर्माण कम्पनीले ८६ करोड दाबी गरेको मुद्दामा प्राधिकरणले भुक्तानी नगरेपछि जरीवानासहित १ अर्ब ५९ करोड क्षतिपूर्ति दिन उच्च अदालतले आदेश दिएको थियो ।

» बाँकी पृष्ठ ५ मा

### अब सर्वसाधारणलाई लोडशेडिङ : ऊर्जामन्त्री



काठमाडौं (अस) । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अबदेखि साँझको समयमा सर्वसाधारणका लागि पनि लोडशेडिङ हुने बताएका छन् ।

चैत ३ गतेदेखि भारतले सोलार आवर (बिहानदेखि बेलुकासम्म) बाहेकको समयमा नेपाललाई बिजुली दिन बन्द गरेको छ । यसले गर्दा नेपालमा विद्युत्को मागभन्दा आपूर्ति कम भई उद्योगहरूमा लोडशेडिङ शुरू भइसकेको छ । बुधवार राष्ट्रिय सभाको बैठकमा बोल्दै मन्त्री खड्काले अब आम सर्वसाधारणको घरमा समेत लोडशेडिङ हुने बताए । हिउँदमा भारतबाट बिजुली आपूर्ति नभएको बेला विद्युत् प्राधिकरणले उद्योगमा विद्युत् कटौती गरे पनि सर्वसाधारणका लागि कटौती गरेको छैन । यसले गर्दा आम सर्वसाधारणले लोडशेडिङ भोग्नुपरेको छैन ।

तर, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग पानी बाराबारको सम्बन्ध रहेका मन्त्री खड्काले सर्वसाधारणको घरमा पनि बिजुली कटौती हुने बताएका हुन् । देशमा लोडशेडिङ अन्त्यको एकोहोरो जस घिसिङले पाइरहेकोप्रति असन्तुष्ट रहेका खड्काले लोडशेडिङ हटाउन घिसिङको कुनै भूमिका नरहेको दाबी गरे । 'हिजो पनि लोडशेडिङ भएको थियो, आज पनि कायम छ,' उनले भने ।

अहिलेको अवस्थामा विद्युत् प्राधिकरणले ७०० मेगावाट मात्रै विद्युत् उत्पादन गरेको र २ हजार ८०० मेगावाट निजीक्षेत्रले उत्पादन गरेको बताए । 'अहिले पनि ८२५ मेगावाट विद्युत् भारतबाट आयात भइरहेको छ । हामीसँग पुग नपुग १ हजार मेगावाट विद्युत् छ । अब साँझको समय घरमै पनि लोडशेडिङ हुने अवस्था छ,' उनले भने । बैठकमा बोल्दै मन्त्री खड्काले नेपालमा लोडशेडिङ भएकोमा भारतलाई धन्यवाद दिनुपर्ने आफ्नो पुरानै तर्क दोहोर्‍याए । 'उज्यालोको नायक भनेको उहाँ (कुलमान घिसिङ) होइन है, बरु यो धन्यवाद भारतलाई दिऔं, निजीक्षेत्रलाई दिऔं, जसले हाम्रो आवश्यकता पूर्ति गरेको छ त्यता धन्यवाद दिऊँ न भनेर निवेदन गर्न चाहेको हो,' उनले भने ।

# नेप्सेमा अन्तिम कारोबार मूल्य निर्धारणको परिवर्तित विधि आजबाट लागू हुँदै

**अभियान संवाददाता**

काठमाडौं





अन्तिम १५ मिनेटको कारोबार समयसम्म कायम मूल्यको भारित औसत मूल्यलाई अन्तिम कारोबार मूल्य मान्ने व्यवस्था बिहीवारदेखि लागू हुने भएको छ ।


नेपाल स्टक एक्सचेन्ज (नेप्से) को चैत ६ गते बसेको सञ्चालक समिति बैठकले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को चौथोपटक संशोधित उक्त व्यवस्था लागू गर्ने निर्णय गरेको हो । नेप्सेका सूचना अधिकारी मुराहरि पराजुलीले अन्तिम कारोबार समय २:४५ देखि ३:०० बजेसम्म कायम मूल्यको भारित औसत मूल्यलाई अन्तिम कारोबार मूल्य मान्ने व्यवस्था लागू गर्न लागिएको बताए ।


यसअघि कुनै पनि कम्पनीको अन्तिममा भएको कारोबार मूल्यलाई अन्तिम मूल्य मानिँदै आइएकोमा अब भने पछिल्लो १५ मिनेटमा भएको कारोबार मूल्य र कित्तालाई आधार मानेर भारित औसत मूल्य गणना गरिने पराजुलीले स्पष्ट पारे । पछिल्लो समय अन्तिम मिनेटमा कुनै पनि कम्पनीको कारोबारमा अस्वाभाविक चलखेल भई मूल्यमा उतारचढाव देखिएसँगै नेप्सेले विनियमावली संशोधन गरेको भनाइ पराजुलीको छ । अन्तरराष्ट्रिय अभ्यासहरुको अध्ययन गरी नेपालको सन्दर्भमा अनुकूल हुने गरी विनियमावली संशोधन गरी लागू गरिएकाले भोलिका दिनमा कुनै पनि कम्पनीको शेयरमूल्यमा अस्वाभाविक उतारचढाव नदेखिने अपेक्षा गरिएको उनले बताए ।

नेप्सेले संशोधन गरेको उक्त व्यवस्था नेपाल धितोपत्र बोर्डले फागुन १८ गते स्वीकृत गरेको थियो । नेप्सेले अन्तिम कारोबार समय समेत २:४५ देखि ३:०० बजेसम्म कायम हुने गरी विनियमावली संशोधन गरेको हो । नेप्सेले मूल विनियमावलीको विनियम ११ को उपविनियम (१) को खण्ड (ग) हटाएको छ । यो व्यवस्था हालसम्म कार्यान्वयनमा नआएको र व्यावहारिकसमेत नभएको भन्दै हटाएको नेप्सेले जानकारी दिएको हो । उक्त खण्डमा अन्तिम कारोबार समय ३:०० बजेदेखि ३:०५ सम्म रहेको थियो ।

धितोपत्र कारोबार सञ्चालन विनियमावलीको दफा ११ मा कारोबार सञ्चालनसम्बन्धी व्यवस्था छ । बिहान १०:३० देखि ११:०० बजेसम्म प्रारम्भिक कारोबार हुने, मध्याह्न ११:०० देखि ३:०० बजेसम्म बोलकबोल र निरन्तर कारोबार हुने तथा अपराह्न ३:०० देखि ३:०५ बजेसम्म अन्तिम कारोबार हुने व्यवस्था यसअघि थियो । नेप्सेको पछिल्लो व्यवस्थाअनुसार यसअघिको मध्याह्नको कारोबार समयलाई २:४५ देखि ३:०० बजेसम्म कायम गरिएको हो । यो समय नै धितोपत्र कारोबारको अन्तिम समय हुनेछ ।




एएसी ब्रिकको प्रयोग बढ्दै

# '९ उद्योगमा ५ अर्ब रूपैयाँ लगानी'

**अभियान संवाददाता**

काठमाडौं

रातो इँटाको विकल्पका रूपमा आएको (अटोक्लेभ एरेटेड कंक्रिट-एएसी) ब्रिकको प्रयोग नेपालमा पनि बढ्दो क्रममा रहेको यसका उत्पादकहरूले बताएका छन् । फलस्वरूप यस्तो उद्योगको संख्या र लगानी पनि बढदो क्रममा रहेको उत्पादकहरूको भनाइ छ । रातो इँटा माटोबाट बनाइन्छ भने मूलतः सिमेन्ट र बालुवा प्रयोग गरेर एएसी ब्रिक/ब्लक बनाइन्छ ।

हाल एएसी ब्रिक/ब्लक बनाउने विभिन्न नौओटा उद्योग रहेको र थप तीनओटा उद्योग थपिने क्रममा रहेका यी उद्योगको छाता संस्था एएसी ब्रिक उत्पादक संघले बताएको छ । संघले जारी गरेको एक प्रेस विज्ञप्तिअनुसार यस्ता उद्योगमा निजीक्षेत्रले ५ अर्ब रुपैयाँ लगानी गरेको छ । सन् १९२९ मा स्वीडेनमा व्यावसायिक उत्पादन गरिएको एएसी इँट्टाको प्रयोग नेपालमा पनि विगत १० वर्षदेखि हुन थालेको छ । यस्तो इँट्टा बनाउँदा सिमेन्ट र बालुवामा एक किसिमको केमिकल प्रयोग गरेर फुलाइने हुँदा त्यसको तौल हलुका हुन्छ । वातावरणमैत्री, हलुका, निर्माण खर्च पनि कम हुने भएकाले पछिल्लो समय यसको प्रयोग बढेको संघका अध्यक्ष निकोलस पाण्डेले जानकारी दिए ।

» बाँकी पृष्ठ ५ मा

### एएसी ब्रिक प्रयोग गरी बनाइएका केही संरचना

**सरकारी भवन :**
नेपाल राष्ट्र बैंक, बालुवाटार, सर्वोच्च अदालत (निर्माणाधीन), कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

**अस्पतालहरू :**
नोबल हस्पिटल, पुष्पाञ्जली हस्पिटल, गोर्खा हस्पिटल


**जलविद्युत् आयोजना :**
काबेली-१, २, ३ जलविद्युत् आयोजना, सुपर काबेली, तनहुँ हाइड्रो

**होटेल :**
होटेल बाराही, काठमाडौं, ठमेल, होटेल शेराटन (निर्माणाधीन), म्यारियट काठमाडौं,

**हाउजिङ :**
डाउनटाउन हाउजिङ, पार्क होराइजन (भूकम्पछि पुनर्निर्माण, कर्मा रेसिडेन्सी

**उद्योगहरू :**
सूर्य नेपाल, पञ्चकन्या प्लास्टिक, सिजी सिमेन्ट

*स्रोत : एएसी ब्रिक उत्पादक संघ*



## मुक्तिनाथ विकास बैंकद्वारा कञ्चनपुरमा बैसाखी वितरण



काठमाडौं (अस) । मुक्तिनाथ विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कञ्चनपुरमा अपांगता संरक्षण नेपाल संस्थासँगको साझेदारीमा शारीरिक रूपमा अपांगता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने बैसाखी वितरण गरेको छ । अपांगता भएका कारण दैनिक कार्य गर्न असहज भएकाले अपांगता संरक्षण नेपालमा बैसाखी तथा सेतो छडीको आवश्यकताको धेरै माग आएकाले उक्त संस्थाको समन्वयमा बैंकले बैसाखी वितरण गरेको बताइएको छ । उक्त सहयोगबाट लाभग्राहीको दैनिक जीवनमा राहत पुग्ने बैंकको विश्वास छ । बैंकले हालै 'मोबाइल एक फाइदा अनेक' लिन सक्ने 'मुक्तिनाथ फाइदा एप' सञ्चालनमा ल्याएको छ । त्यसैगरी मोबाइल बैंकिङ, क्यूआर कोड स्क्यान, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामै रेमिट्यान्स जम्मा जस्ता कार्य बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरेको बताइएको छ ।

## बर्ली होम अप्लायन्सका एयर कुलर सार्वजनिक



काठमाडौं (अस) । भारतको होम अप्लायन्स निर्माण कम्पनी बर्ली होम अप्लायन्सले आइतवार काठमाडौंमा आधिकारिक रूपमा नेपालमा आफ्ना १७ एयर कुलरका मोडल सार्वजनिक गरेको छ । सीजी कर्प ग्लोबलका प्रबन्ध निर्देशक निर्वाण चौधरी र बर्ली होम अप्लायन्सका प्रबन्ध निर्देशक चिराग शर्माले संयुक्त रूपमा यी उत्पादन सार्वजनिक गरेका हुन् । बर्लीले नेपालमा आफ्नो उपस्थिति बलियो बनाउँदै गएको जानकारी दिँदै कम्पनीले एकसाथ १७ एयर कुलरका मोडल सार्वजनिक गर्न पाउनु महत्त्वपूर्ण उपलब्धि रहेको बताएको छ ।

बर्लीका उत्पादन प्रयोगमैत्री डिजाइन र सुपथ मूल्य सुविधाका कारण ग्राहकमा परिचित रहेको कम्पनीको भनाइ छ । समुचित वितरण प्रणाली र उत्कृष्ट ग्राहक सेवा सुनिश्चित गन बर्लीले सीजी इलेक्ट्रोनिक्सलाई नेपालका लागि आधिकारिक एकल वितरक नियुक्त गरेको बताइएको छ ।

## एबीपी इनर्जी र सिद्धार्थ बैंकबीच 'तादी घ्याङफेदी'मा कर्जा लगानी सम्झौता

काठमाडौं (अस) । एबीपी इनर्जी प्रालि र सिद्धार्थ बैंक लिमिटेडबीच ८ मेगावाट जडित क्षमताको 'तादी घ्याङफेदी जलविद्युत् परियोजना' निर्माणका लागि कर्जा लगानी गर्नेसम्बन्धी सम्झौता भएको छ । बुधवार काठमाडौंमा आयोजित एक कार्यक्रमबीच एबीपीका अध्यक्ष पूर्णलाल श्रेष्ठ र बैंकका क्रेडिट हेड अमित श्रेष्ठले सम्झौतामा हस्ताक्षर गरेका हुन् ।



आयोजनाको कूल अनुमानित लागत १ अर्ब ६४ करोड रुपैयाँ रहेको बताइएको छ । कुल लागतको ७५ प्रतिशतले हुने १ अर्ब २३ करोड रुपैयाँ दीर्घकालीन ऋणबाट व्यवस्थापन गर्नका लागि बैंकसँग सम्झौता भएको कम्पनीका अध्यक्ष श्रेष्ठले जानकारी दिए । बाँकी २५ प्रतिशत रकम भने स्वपूँजीबाट व्यवस्थापन गरिने बताइएको छ ।

कम्पनीको सञ्चालकमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का महासचिव बलराम खतिवडा, सूचना प्रविधि क्षेत्रमा क्रियाशिल असगर अली लगायत छन् । नुवाकोटको दुप्चेश्वर गाउँपालिकास्थित तादी घ्याङफेदी जलविद्युत् आयोजना १८ महीनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनाबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन गर्नुपर्ने मिति २०८४ बैसाख ३१ तय गरिएको छ ।

आयोजना सञ्चालनमा आइसकेपछि हाइड्रो टुरिजमबाटसमेत आयोजनाले आम्दानी गर्ने लक्ष्य लिएको आयोजनाका निर्देशक बलराम खतिवडाले बताए । गोसाईंकुण्ड जाने ट्रेकिङ रुटमा आयोजना निर्माण हुने हुँदा आयोजनाले बनाएका क्याम्प हाउस होमस्टेमा परिणत गरी पर्यटकलाई हस्पिटालिटी सुविधा दिन सकिने उनको भनाइ छ । आयोजनाका लागि २०८१ असार ३१ मा विद्युत् विकास विभागबाट उत्पादन अनुमतिपत्र प्राप्त भएको थियो । साथै २०८१ भदौ २७ मा विद्युत् खरीद विक्री सम्झौता (पीपीए) भएको बताइएको छ । वार्षिक ४ करोड ८७ लाख युनिट विद्युत् उत्पादन गर्ने आयोजनाले वार्षिक २९ करोड रुपैयाँ आम्दानी गर्ने प्रक्षेपण गरिएको छ । आयोजनाबाट सुख्खायाममा १५ दशमलव ९७ गिगावाट आवर र वर्षामा ३२ दशमलव ७७ गिगावाट आवर ऊर्जा उत्पादन हुनेछ ।

## सिद्धार्थ बैंकका ग्राहकलाई एलकेएस डेन्टलमा छूट

काठमाडौं (अस) । सिद्धार्थ बैंक र एलकेएस डेन्टल सोलुसन्सबीच बैंकका ग्राहकलाई विभिन्न सेवामा छूट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार काठमाडौंको बिजुलीबजार स्थित एलकेएस डेन्टलमा सेवा लिई बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा दाँतसम्बन्धी सेवामा १० प्रतिशतसम्मको छूट प्राप्त गर्न सकिने बताइएको छ । यस सम्झौताले ग्राहकलाई छूटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र 'सिद्धार्थ केयर'मा सम्पर्क गर्न सकिने




बताइएको छ । बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न केही समयअघि 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको बताइएको छ ।


## कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८१/१२/०७ गते

यस महालक्ष्मी विकास बैंक लि. टांडी शाखाबाट तपसिलमा उल्लेखित तपाँई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरेको र तपाँई ऋणी तथा प्रोपाइटर समेतको मृत्यु भएको भनी बैंकलाई जानकारी हुन आएकाले नीज मृतकका हकवालाहरुलाई समेत कर्जा चुक्ता गर्न तर ताकेता गरेकोमा कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकाले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन सम्बध्द पक्ष नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणी तथा प्रोपाईटरका हकवालाहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम, सोको व्याज तथा दैदस्तुर समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति विक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्वन्ध पक्षहरुलाई कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

**तपसिल**

**टांडी शाखा :**

१. **ऋणी : श्री जमुनापुर मल्टि एग्रो फर्म, दर्ता नम्बर : १२२/०७७/०७८, दर्ता मिति : २०७७/०४/१८ ( घरेलु तथा साना उद्योग कार्यालय )**
पा.नं. : ६१३४५४५०४
ठेगाना : रत्ननगर न.पा.-१२, चितवन

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) रुवेन मगर, बाबु : बुद्धि लाल मगर, बाजे : चन्द्र बहादुर थापा
ठेगाना : रत्ननगर न.पा.-१२, चितवन
ख) सानी थापा मगर, ससुरा : बुद्धि लाल मगर, पति : रुवेन मगर, वुवा : होम बहादुर थपामगर
ठेगाना : रत्ननगर न.पा.-१२, चितवन

**संस्थागत जमानी**
श्री जमुनापुर मल्टि एग्रो फर्म,
ठेगाना : रत्ननगर न.पा.-१२, चितवन

कर्जा शिर्षक : महालक्ष्मी कृषि कर्जा टर्म र महालक्ष्मी उद्यमशील कर्जा

**धितो सुरक्षणको विवरण :**
१) श्री चन्द्र बहादुर थापाको नातिनी, मेक बहादुर थापाको छोरी, हालः रत्ननगर न.पा.-१२, चितवन बस्ने शान्ती कुमारी थापाको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला चितवन पंचकन्या गा.वि.स. वडा नं.–३ ( नक्सा सिट नं. ३/ख ) हालः रत्ननगर न.पा.-१२, चितवन स्थित कित्ता नं. १७९७ र १३५५ को क्षेत्रफल कमशः ११८.५१ र ०-१-०–० को जग्गा तथा उक्त कित्तामा रहेको अन्य सम्पूर्ण लिगलागपात समेत ।

२. **ऋणी : श्री अरोश किराना तथा ग्यास बिकी केन्द्र पसल, दर्ता नं. १६७८/०७९/०८०, दर्ता मिति : २०७९/०५/२६**
पा.नं. : ६०१३५२०१४
ठेगाना : रत्ननगर न.पा.-४, चितवन

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) रोशनी श्रेष्ठ, बुबा : बुद्ध लाल श्रेष्ठ, ससुरा : सुक बहादुर श्रेष्ठ, पति : अर्जुन कुमार श्रेष्ठ
ख) अक्षता श्रेष्ठ, बुबा : अर्जुन कुमार श्रेष्ठ, बाजे : सुक बहादुर श्रेष्ठ
ग) आकंक्षा श्रेष्ठ, बाबु : अर्जुन कुमार श्रेष्ठ, बाजे : सुक बहादुर श्रेष्ठ
ठेगाना : रत्ननगर न.पा.-२, चितवन

कर्जा शिर्षक : महालक्ष्मी ब्यबसायीक कर्जा (ओ.डी)

**धितो सुरक्षणको विवरण :**
१) श्री दिर्ज कुमारको नाति, सुक बहादुर श्रेष्ठको छोरा, हालः रत्ननगर न.पा.-२, चितवन बस्ने अर्जुन कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साविक देबैलि गा.वि.स. वडा नं.–१ ( नक्सा सिट नं. १/१/घ ) हालः रत्ननगर न.पा.-२, चितवन स्थित कित्ता नं. ४०३ को क्षेत्रफल कमशः १५२.३६ व.मि. को जग्गा तथा उक्त कित्तामा रहेको अन्य सम्पूर्ण लिगलागपात समेत ।

३. **ऋणी : प्रताप थापा, ( ना.प्र.प.नं. : ३५१२६६/०३४, जारी मिति : २०५४/११/०३, चितवन )**
बाबु : धन बहादुर थापा, बाजे : तिलक बहादुर थापा
ठेगाना : चितवन जिल्ला भरतपुर–१२
हाल : चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.–१२

**व्यक्तिगत जमानीकर्ताहरु :**
क) बबिता थापा, बाबु : गोकर्ण भण्डारी, पति : प्रताप थापा, ससुरा : धन बहादुर थापा
ख) गोपाल कुमार थापा, बाबु : धन बहादुर थापा, बाजे : तिलक बहादुर थापा
ठेगाना : भरतपुर महानगरपालिका-१२, चितवन

कर्जा शिर्षक : महालक्ष्मी हायर प्रर्चेज कर्जा टर्म र व्यक्तिगत कर्जा (ओ.डी)

**धितो सुरक्षणको विवरण :**
१) श्री तिलक बहादुर थापाको नाति, धन बहादुर थापाको छोरा, हालः भरतपुर महानगरपालिका-१२, चितवन बस्ने प्रताप थापाको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, साविक भरतपुर गा.वि.स. वडा नं.–३ ( नक्सा सिट नं. ३/क ) हालः भरतपुर महानगरपालिका-१२, चितवन स्थित कित्ता नं. ५९६३ को क्षेत्रफल ०-१-३.७५-० को जग्गा तथा उक्त कित्तामा रहेको अन्य सम्पूर्ण लिगलागपात समेत ।
२) श्री प्रताप थापालाई ऋणी कायम गरी यातायात व्यवस्था कार्यालय पर्सा विरगंजमा महालक्ष्मी विकास बैंक लि. को नाममा दर्ता श्रेस्ता कायम रहेको कम्पनी : TATA HCV TRUCKS, मोडल नं. : 20824432000R-LPS 4018TC BSIII, दर्ता नं. प्रदेश २ ०३ ००१ ख ५१८१, च्यासिस नं. : AT447223M2R09635, ईन्जिन नं. 12G63873911 भएको सवारी साधन ।

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com



## धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८१/१२/०७ गते)

यस बैंकका देहायको शाखा कार्यालयबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकमा आई आफूले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिन सम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसीलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत् खरिद गरी लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय तौलिहवा कपिलवस्तुमा कार्यालय समय भित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । बोलपत्र सुचना प्रकाशन भएको ३६ औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको १२ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन । साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसील**

गोप्य शिलबन्दी पेश गर्ने अन्तिम मिति: २०८२ साल बैशाख महिना १० गते
धितो लिलाम बिक्री हुने मिति :- २०८२ साल बैशाख महिना ११ गते दिनको १२ बजे
सम्बन्धित कार्यालय: कृषि विकास बैंक लि. शाखा कार्यालय ४ नं. जितपुर,
लिलाम हुने स्थान तथा कार्यालय: शाखा कार्यालय तौलिहवा कपिलवस्तु ।

**ग्राहकको विवरण**

**१) ग्राहकको नामः युद्ध ईलेक्ट्रोनिक्स,** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय तौलिहवा कपिलबस्तु, फर्मको दर्ता नं.: ७२०६/०७४,
दर्ता भएको मितिः २०७४/०८/०३, पान नं.: ६०७१८०८००

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा/ | ज्ञान बहादुर क्षेत्री | कपिलवस्तु | मोतीपुर | २ग | ५६० | ०-०-६ १/२ |
| | | | गोबरी | ९घ | २७३, २८३, २७६, २८०, २७० | ०-२-१० १/२, ०-०-९ १/२, ०-२-१६, ०-१-१७ १/२, ०-०-१८ |

प्रोप्राइटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| युद्ध बहादुर क्षेत्री | बाणगंगा न.पा.-०७, कपिलवस्तु | ३८७३६ | कपिलवस्तु/२०५८/०९/१९/ जिल्ला प्रशासन कार्यालय | ज्ञान बहादुर क्षेत्री | मान बहादुर क्षेत्री |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| ज्ञान बहादुर क्षेत्री | बाणगंगा.न.पा-०७, कपिलवस्तु | २४९ | कपिलबस्तु/२०३५/०७/०६/ जिल्ला प्रशासन कपिलबस्तु | मान बहादुर क्षेत्री | घनश्याम |

**२) ग्राहकको नामः श्री शान्ती कृषि तथा पशुपालन फर्म,** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय तौलिहवा कपिलबस्तु,
दर्ता नं.: १३०८७/७८, दर्ता भएको मितिः २०७८/०४/०७, पान नं.: ६१६१२५६९८

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा | शान्ती धिताल | कपिलवस्तु | गजेहडा | ४/ख | ३४८, ३४७ | ०-०-१७, ०-०-६ |

प्रोप्राइटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शान्ति धिताल | बाणगंगा न.पा.-०३ | नागरिकता वितरण टोली ५८४ सिन्धुपाल्चोक | सिन्धुपाल्चोक/२०४६/०९/२०/ जिल्ला प्रशासन कार्यालय | कमल चन्द्र धिताल | यज्ञ प्रसाद धिताल |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे |
|---|---|---|---|---|---|
| कमलचन्द्र धिताल | बाणगंगा.न.पा.-०३ | २५२३/९६५८ | सिन्धुपाल्चोक/२०४०/१२/०१/ जिल्ला प्रशासन कार्यालय | यज्ञ प्रसाद धिताल | नन्द प्रसाद |

**शर्तहरू :**

१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००।- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कमउल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
५. टेण्डर मिति २०८२/०१/११ का दिन दिनको १२ बजे कृषि विकास बैंक शाखा कार्यालय तौलिहवा, कपिलवस्तुमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ ।
६. टेण्डर साथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखि जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफतभई उक्त सम्पत्ति पुनःबिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ । साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्दगरी धरौटी रकम फिर्ता दिन सकिनेछ ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
१३. लिलाम सदर भएपश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
१४. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**

निजीकरण भनेको आर्थिक शक्ति सरकारी संयन्त्रबाट जनतामा हस्तान्तरण गर्नु हो ।
**- मार्गरेट थ्याचर**

सम्पादकीय

# प्रतिस्पर्धाको अवरोधक सरकार

**सिमेन्ट उद्योगीहरूले कार्टेलिङ गरी सिमेन्टको उच्च मूल्यवृद्धि गरेको आरोप लागिरहँदा सिमेन्ट उत्पादकले भने अझै भाउ बढ्न सक्ने बताएका छन् । अहिले उद्योगमा लोडशेडिङ भइरहेकाले डिजेल जेनरेटर प्रयोग गरी सिमेन्ट उत्पादन गर्नपर्ने भएकाले मूल्य झनै बढ्ने उद्योगीको भनाइ छ । सिमेन्ट उद्योगीले अझै प्रतिबोरा सिमेन्ट १५० रुपैयाँ घाटामा बेचिरहेको र यस्तो स्थितिमा दीर्घकालीन व्यवसाय गर्न असमर्थ रहेको बताएका छन् । तर, अधिकांश सांसदले घाटामा सिमेन्ट बेच्न आफूहरूले नभनेको र धम्की नदिन आग्रह गर्दै समस्या समाधानतिर जानुपर्नेमा जोड दिए । त्यो समाधान के हो भन्नेमा सरकार र संसदीय समिति नै अन्योलमा रहेको देखिन्छ । पहिलो कुरा, मूल्य बढेको साँचो हो र त्यसमा मिलेमतो भएको कुरा सिमेन्ट उद्योगीहरूले पनि नकारेका छैनन् । तर, उत्पादन लागतभन्दा कममा लामो समयसम्म आफ्नो उत्पादन विक्री गर्न सकिँदैन । त्यसो गर भन्न पनि सरकारले सक्दैन । उदारवादी अर्थतन्त्रमा बजार नै सबैभन्दा शक्तिशाली हो र कुनै पनि उत्पादनको मूल्य बजारले नै निर्धारण गर्छ । तर, बजारले सही ढंगले काम गर्न पाउनुपर्छ । सरकारले बजारमा विकृति आउन दिनु हुँदैन । प्रतिस्पर्धाको वातावरण सृजना गरिदिनुपर्छ । तर, सरकारले नै प्रतिस्पर्धाको बजार बनाउन प्रभावकारी काम गरेको छैन ।**

**एउटा तथ्य के हो भने सरकार आफैले कार्टेलिङलाई मलजल गरिरहेको छ । सिद्धान्ततः बैंकहरूको ब्याजदर गर्ने जिम्मा राष्ट्र बैंकले बजारलाई छाडिदिएको छ तर विगतमा नियामक नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूले निश्चित दरभन्दा बढी निक्षेपमा ब्याज नदिने भद्र सहमति गरी कार्यान्वयनमा ल्याउँदा राष्ट्र बैंक चुप लाग्यो । यसलाई राष्ट्र बैंकको मौन सहमतिको संकेतका रूपमा लिन सकिन्छ । सबैजसो सेवाप्रदायक तथा उत्पादकहरू संगठित छन् र तिनले मूल्यमा प्रभाव पारिरहेका छन् । त्यसैले प्रतिस्पर्धा प्रवर्द्धन गर्ने गरी सरकारले नीति र वातावरण तयार पार्नुपर्छ । यस्तो स्वच्छ प्रतिस्पर्धाको वातावरण तयार पार्न सके आर्थिक विकासमा योगदान मिल्छ । प्रतिस्पर्धा भनेको सबैलाई समान अवसर दिनु हो । तर, त्यस्तो अवसर प्रदान गर्ने वातावरण बनाउन सरकारले सोचसमेत लिएको देखिँदैन ।**

- **एकाधिकार सृजना गर्न खोज्ने प्रवृत्ति प्राकृतिक नै हो ।**
- **बजारका तत्त्वहरूको मूल्य बढेमा सरकारले पनि मूल्य वृद्धि रोक्न सक्दैन ।**
- **बजारमा बलियो प्रतिस्पर्धाको वातावरण बनाउनु सरकारको दायित्व हो ।**
- **आफै प्रतिस्पर्धी भएको उत्पादन तथा सेवाको बजारमा पनि सबै निजीक्षेत्रलाई बराबर प्रतिस्पर्धा गर्ने आधार दिनु जरूरी छ ।**

**साँच्चिकै भन्ने हो भने कुनै पनि व्यवसायीले प्रतिस्पर्धा चाहँदैन । एकाधिकार सृजना गर्न खोज्ने प्रवृत्ति प्राकृतिक नै हो । कम्पनीहरूका लागि एकाधिकार सृजना गर्न सक्नु पनि एउटा सफलता हो । देशले पनि एकाधिकार खोज्छ । चीन, अमेरिका, जापान आदि विकसित देश हेर्ने हो भने तिनले विभिन्न उत्पादनमा एकाधिकार सृजना गरेका छन् । सेमिकन्डक्टर प्रविधिमा अगाडि रहेको अमेरिकाले उच्च प्रविधियुक्त सेमिकन्डक्टर चीनमा निर्यात गर्न प्रतिबन्ध लगाएको छ । त्यसको प्रतिक्रियामा सेमिकन्डक्टरमा प्रयोग हुने विभिन्न कच्चा पदार्थ निर्यातमा चीनले प्रतिबन्ध लगाएको छ । उत्पादक देशहरू मिलेर मूल्यमा कार्टेलिङ पनि गर्छन् । यसको एउटा उदाहरण तेल उत्पादक मुलुकहरूको संगठन ओपेक नै हो । मूल्य बढ्नुमा व्यापारीको स्वार्थमात्र कारण हुँदैन । बजारका तत्त्वहरूको मूल्य बढेमा सरकारले पनि मूल्य वृद्धि रोक्न सक्दैन । बजारले नै मूल्य घटाउन पनि सक्छ । अहिले मूल्य बढेर प्रतिकेजी ७६ रुपैयाँ पुगेको छड २० वर्षअघि १२० रुपैयाँमा विक्री भएको थियो । सिमेन्टको मूल्य पनि त्यतिबेलाको भन्दा अहिले केही मात्रै बढेको देखिन्छ । मूल्य घट्दा चासो नराख्ने अनि मूल्य बढ्दाचाहिँ व्यापारीलाई संसदीय समितिमा बारम्बार बोलाउनुको कुनै तुक देखिँदैन । यसले समस्याको समाधान पनि गर्दैन ।**

**बिजुलीको मूल्य सरकारले निर्धारण गर्छ । चुनढुंगाको मूल्य निर्धारण गरेर सरकारले अनुमतिपत्र दिन्छ । डिजेलको मूल्य पनि सरकारले नै निर्धारण गर्छ । यी सबै वस्तुको मूल्य बढिरहँदा सिमेन्टको भाउ मात्र किन बढाइस् भन्ने नैतिक आधार सरकारलाई छैन । बजारमा बलियो प्रतिस्पर्धाको वातावरण बनाउनु सरकारको दायित्व हो । त्यसका लागि सरकारसँग कानूनी अधिकार छन् । बजारले स्वतन्त्र रूपमा मूल्य निर्धारण नगरी मिलेमतो मूल्य बढाइएको हो भने सरकार कानूनी कारबाहीमा उत्रिनु पर्छ । सँगसँगै, आफै प्रतिस्पर्धी भएको उत्पादन तथा सेवाको बजारमा पनि सबै निजीक्षेत्रलाई बराबर प्रतिस्पर्धा गर्ने आधार दिनु जरुरी छ ।**

# कसरी बढ्छ वित्तीय साक्षरता ?

## चरणगत रूपमा कार्यक्रम सञ्चालन गर्न आवश्यक



**वित्तीय साक्षरताअन्तर्गत दैनिक जीवनमा (क) कमाइ तथा आय आर्जन (ख) बचत र लगानी (ग) सम्पत्तिको सुरक्षा र व्यवस्थापन (घ) खर्च व्यवस्थापन (ङ) ऋण व्यवस्थापन पाँचओटा सिद्धान्त बढी प्रयोगमा आउँछन् ।**

**जिताराम गौतम**

अन्य विकासोन्मुख देशमा जस्तै नेपालमा पनि देखासिकी गर्ने, हो मा हो मिलाउने परम्परा देखिन्छ । राम्रा कुरालाई स्वीकार्दै अगाडि बढ्नु परिवर्तन र विकासका लागि आवश्यक छ । बालबालिका र युवामा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, शीप, मनोवृत्ति र व्यवहारको विकास गर्ने उद्देश्यका साथ ग्लोबल मनी विक तथा विश्व वित्तीय साक्षरता सप्ताह नेपाल राष्ट्र बैंकको संयोजकत्वमा मनाइँदै छ । विश्वका १७६ भन्दा धेरै देशले वित्तीय साक्षरता सप्ताह मनाइरहेका छन् । यसको नेतृत्व विकसित देशहरूको संगठन ओईसीडीले गरेको छ । सन् २०१२ देखि यसको नेतृत्वमा हरेक वर्ष मार्च १७ देखि २३ सम्म १ हप्ता वित्तीय साक्षरता अभियान चलाउँदै आएको छ । हालसम्म ६ करोडभन्दा बढी व्यक्तिले यो अभियानबाट वित्तीय साक्षरता पाएको उसको दाबी छ । प्रविधिको विकासले छोटो समयमा धेरै आम्दानी गर्न सकिने अवसर आउँछन् जसका लागि हतारमा निर्णय लिँदा ठूलो आर्थिक नोक्सानी बेहोर्नुपर्छ । आज लिने वित्तीय शिक्षाले उज्ज्वल भविष्यका लागि बुद्धिमत्तापूर्ण साधनको निर्माण गर्न सकिन्छ भन्ने सोच साप्ताहिक अभियानले लिएको छ ।

### वित्तीय साक्षरता वृद्धिका लागि लक्षित वर्ग

वित्तीय साक्षरता हरेक नागरिक, समाज, वर्ग, तह र तप्कामा रहेका सबैलाई आवश्यक छ । देशमा उद्योगधन्दा उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनु, वित्तीय साक्षर, शीप तालिमबाट दक्ष जनशक्तिको विकासबाटै दीर्घकालीन रूपमा देशमा गरीबी कम गरेर समृद्धि प्राप्त गर्न सकिन्छ । वित्तीय साक्षरताबाटै वित्तीय अनुशासन र गरीबी निवारण गर्न, सुरक्षित कारोबार गर्न, समुदायको सुरक्षित भविष्यका लागि विश्वसनीय र गुणस्तरीय सेवा सम्भव छ । देशमा चौतर्फी विकासका लागि साक्षरतासँगै वित्तीय साक्षरता अभिवृद्धि आवश्यक देखिन्छ । यस वर्षको ग्लोबल मनी विकको उद्देश्यले विश्वस्तरमा दीर्घकालीन रूपमा गरीबी निवारण गरेर स्थायी रूपमा आर्थिक विकाससँगै सुसमृद्धिको परिकल्पना गरेको छ । हामीले पनि यसलाई आत्मसात् गर्न आवश्यक छ ।

हाम्रो परिवार, समाज तथा देशको भविष्य आजका बालबालिका र युवावर्गमा निहित छ । त्यसैले बालबालिका तथा युवा वर्गमा वित्तीय साक्षरता तथा ज्ञानको स्तर वृद्धि गर्न सक्यौं भने उनीहरूको व्यवहारमा परिवर्तन गर्न सकिन्छ । वित्तीय साक्षरताले भविष्यको स्वच्छ, शान्त, समृद्ध समाज तथा राष्ट्र बनाउँछ । बालबालिका तथा युवावर्गलाई यथार्थ बुझेर व्यवहार गर्न र घाँटी हेरेर हाड निल्नुपर्छ भन्ने सिद्धान्तलाई बुझाउँदै बचत, लगानी, व्यावसायिक उद्यमशीलता, बजेटलगायतको ज्ञान वृद्धि गराउन आवश्यक छ ।

### वित्तीय साक्षरता

वित्तीय साक्षरता भन्नाले वित्तीय र आर्थिक विषय तथा व्यवहारसम्बन्धीको ज्ञान हो । व्यक्तिमा रहेको वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञान तथा निर्णयात्मक कुशलताबाट वित्तीय साक्षरता मापन गर्न सकिन्छ । बचत, व्यक्तिगत जीवनमा आम्दानी गर्ने कला, बचत गर्ने लगानी गर्ने शिक्षा तथा स्वास्थ्यसम्बन्धीका लागि पूर्वव्यवस्था साथै अवकाशपछिको जीवनका लागि उचित बचत व्यवस्थालगायत ज्ञानको स्तर नै वित्तीय साक्षरता हो ।

वित्तीय साक्षरताको अभावमा व्यक्तिले परिवार व्यवस्थापन तथा व्यवसाय सञ्चालन गर्ने क्रममा गर्ने निर्णयहरू कमजोर हुन सक्छन् जस्ले गर्दा परिवारको वित्तीय सबलतामा प्रभाव पर्न सक्छ । वित्तीय साक्षरताअन्तर्गत दैनिक जीवनमा पाँचओटा सिद्धान्तहरू बढी प्रयोगमा आउँछन् । ती हुन् : (क) कमाई तथा आय आर्जन (ख) बचत र लगानी (ग) सम्पत्तिको सुरक्षा व्यवस्थापन (घ) खर्च व्यवस्थापन (ङ) ऋण व्यवस्थापन ।

आफूले गरिरहेको कुल आम्दानी के कति छ, करहरू केकति तिरिरहेको छ, बढी आम्दानी कसरी गर्न सकिन्छ, पुनरवलोकन गर्ने, भविष्यको शिक्षा तालिम शीप विकासमा लगानी गर्ने कति खर्च आवश्यक पर्छ जस्ता कुराको विश्लेषण गर्नुपर्छ । आवश्यकता र कमाइ (आय) को जानकारी राखेर आवश्यकता परिपूर्ति गर्नुपर्छ । परिवारमा आर्थिक योजना र लक्ष्य बनाउँदा आयस्रोतलाई ख्याल गर्नुपर्छ ।

बचत वित्तीय साक्षरताको मुख्य सिद्धान्त हो । जसले नियमित रूपमा बचत गर्ने गर्छ त्यो व्यक्ति वा परिवारको वित्तीय सफलता र सबलताको सूचक हो । बचत नियमित खर्चका साथसाथै शिक्षा, स्वास्थ्य, विवाह, घर, गाडी खरीद तथा अकस्मात् हुन सक्ने ठूलो खर्चका घटना आदिका लागि बचत गर्नुपर्ने हुन्छ ।

कमाउनु जत्तिकै महत्त्वपूर्ण काम जोगाउनु तथा सुरक्षा गर्नु पनि हो । हाम्रो समाजमा आफ्नो कमाइ तथा सम्पत्ति सुरक्षा गर्न नसकेर मानिसहरू गरीब भएको हामी देख्न पाउँछौं । आफ्नो बचत, व्यवसायको सुरक्षा गर्नु वित्तीय साक्षरताअन्तर्गत अर्को महत्त्वपूर्ण कार्य हो । जबसम्म व्यक्ति, परिवार तथा समुदाय सुरक्षातर्फ सचेत तथा साक्षर हुँदैनन् तबसम्म स्थायी आर्थिक उन्नति हुन सक्दैन । कुनै वित्तीय संकटबाट सुरक्षा प्रदान गर्न बीमा गराएर सुरक्षा प्रदान गर्न सकिन्छ । बीमाको आवश्यकता र महत्त्व बुझ्न/बुझाउन वित्तीय साक्षरता चाहिन्छ । हरेक कारोबारको लेखा राख्ने, प्रमाणहरू सुरक्षित गर्ने, कारोबारको बिल भरपाई लिनेदिने र जालसाजी तथा धोका बेइमानीबाट सुरक्षित हुनेजस्ता कुरा वित्तीय साक्षरताअन्तर्गतका महत्त्वपूर्ण कुरा हुन् ।

वित्तीय साक्षरताअन्तर्गत कमाउनु तथा आय आर्जन गर्नु, बचत गर्नु, लगानी गर्नु र सुरक्षा गर्नुजस्तै खर्च गर्नु पनि महत्त्वपूर्ण पक्ष हो । खर्च गर्दा पूर्वयोजना बनाएर बजेट तय गरिन्छ । वित्तीय साक्षरता भन्नु पैसाले कसरी, कति र के काम गर्छ भनी बुझ्न सक्ने क्षमता हुनु पनि हो । कसरी पैसा कमाइ हुन्छ, त्यसको सही व्यवस्थापन कसरी हुन्छ, लगानी कसरी सफल हुन्छ, त्यसले तिम्रो लागि कसरी काम गर्छ, कति काम गर्छ भन्ने बुझ्न वित्तीय साक्षरताको ज्ञान हुन जरुरी हुछ ।

वित्तीय लक्ष्य, बजेट, लगानी, सम्झौता र कर्मचारी विधिसम्बन्धी निर्णय लिनुअगाडि वित्तीय सूचनाको ज्ञान जरुरी छ । वित्तीय साक्षरताको कारण न्यून आय भएका मानिसहरूलाई बचत गर्न योग्य बनाउन, खर्चहरू कटौती गर्न, खर्च घटाउन सक्ने क्षमतामा प्रभाव पार्छ । यसर्थ, देशमा वित्तीय शिक्षा हरेक व्यक्ति, घर, टोल तथा समुदायमा पुऱ्याउन आवश्यक छ । यसका लागि तालिम, कोचिङ, सिकाइ सामग्री र सिकाउने सिद्धान्तको विकास गरी योजनागत रूपमा वित्तीय साक्षरता वृद्धि गर्न अति आवश्यक भइसकेको छ । यसका लागि अभियान नै चलाउनुपर्छ ।

### नेपालमा वित्तीय साक्षरताको अवस्था

पछिल्लो गणनाअनुसार नेपालमा करीब ५८ प्रतिशत नेपालीहरू वित्तीय साक्षर रहेका छन् । करीब ७१ प्रतिशत वयस्क नेपालीले बैंकमा बचत खाता सञ्चालन गरेका छन् । देशमा हाल करीब २० प्रतिशत जनसंख्या गरीबीको रेखामुनि छ ।

वित्तीय साक्षरताको न्यूनस्तरले गर्दा देशमा गरीबी घटाउन, दिगो आर्थिक वृद्धि प्राप्त गर्न, रोजगार प्रवर्द्धन तथा निर्यात वृद्धिका लागि राष्ट्रिय अभियानका रूपमा थालिएका योजना तथा कार्यक्रमहरू प्रभावकारी हुन सकेको छैन । देशका वित्तीय संस्थामा जम्मा भएको पूँजी लगानी हुन नसकेर निष्क्रिय रहेको समाचार, बचतमा ब्याज घटेको, उद्योगधन्दा बन्द भएको, उपभोग्य सामग्रीको आयात बढेको, कृषि उपजहरू आयात गर्नुपरेको, वैदेशिक रोजगार बढेर प्राप्त भएको आम्दानी अनुत्पादक क्षेत्रमा लगानी भएको, विलासिताका सामान उपभोगका लागि खर्च भएको पाइन्छ । निरन्तर आम्दानी प्रदान गर्ने क्षेत्रमा लगानी गर्ने बारेमा सोच्ने गरेको पाइँदैन । फलस्वरूप समाजमा बेसहारा सडक बालबालिका, वृद्धवृद्धाको संख्या बढेसँगै बालआश्रम र वृद्धाश्रमको भरपर्ने परम्परा बढेको पाइन्छ । यसले गर्दा अनुत्पादक लगानी र विलासी उपभोग प्रणाली बढेको छ । आर्थिक अव्यवस्थाकै कारण अपराध हुने र युवाहरू विदेशिने क्रम बढेको समेत देखिन्छ ।

### वित्तीय साक्षरताको अभावमा देखिएका समस्या

वित्तीय साक्षरताको अभावमा दैनिक रूपमा गास काटेर सुरक्षित भविष्यका लागि विपन्नले सहकारी संस्थामा जम्मा गरेको बचत सहकारी सञ्चालक तथा व्यवस्थापकले कुम्ल्याइरहेका छन् । विपन्नले कर्जा लिने निकाय लघुवित्त संस्थाबाट लिएको ऋण माफी हुन्छ, तिर्नु पर्दैन भन्दै लघुवित्त कार्यक्रमले ल्याएको आर्थिक गतिशीलतालाई धमिल्याउने काम भइरहेको छ । राजनीतिक कवचले ढाकिएकाहरूले नै नेतृत्व गरेर वित्तीय अनुशासन बिगारिरहेका छन् । देशमा हरेक दिन विभिन्न निकायमा भएको भ्रष्टाचारका समाचारले पत्रपत्रिकाको अधिकांश भाग ढाकिने गरेको छ । जागीर र कामको खोजीमा नेपाली युवाहरू नपुगेको देश र नेपाली युवाले नगरेको कुनै पनि जोखिमको काम बाँकी नहोला । के यस्तो परिवेशमा बैंक तथा वित्तीय संस्था तथा सहकारीमा बचत खाता खोल्दैमा, खोलाउँदैमा बैंक तथा सहकारीबाट कर्जा लिँदैमा वित्तीय साक्षरता वृद्धि भएको मान्न सकिन्छ र ?

देशमा बैंक वित्तीय संस्थाको अवस्था कमजोर बन्दै गएको छ । बैंक तथा वित्तीय संस्थाप्रति जनताको विश्वास घट्दै गएको छ । बैंक तथा वित्तीय संस्थाको कर्जा असुली घट्दै गएको छ । लगानी घट्दै गएको छ । वित्तीय अनुशासनको वातावरण बिग्रँदै जानाले देशमा धेरै बैंकिङ कसुरमा मुद्दा दर्ता भएका छन् । कालोसूचीमा सूचीकृत हुनेको बढिरहेको छ । यस्तो अवस्थामा केही मानिस जुटाएर वित्तीय साक्षरताका नाममा नारा, जुलुस, ऱ्याली तथा गोष्ठी गर्दैमा अपेक्षाकृत वित्तीय साक्षरता वृद्धि सम्भव होला ?

- **नेतृत्व तहमा वित्तीय साक्षरता नभएमा समुदायमा वित्तीय अनुशासन बिग्रँदै जानेछ ।**
- **बचत वित्तीय साक्षरताको मुख्य सिद्धान्त हो ।**
- **नेपालमा करीब ५८ प्रतिशत नेपालीहरू वित्तीय साक्षर रहेका छन् ।**
- **वित्तीय साक्षरता भन्नु पैसाले कसरी, कति र के काम गर्छ भनी बुझ्न सक्ने क्षमता हुनु हो ।**
- **वित्तीय साक्षरता तालिम लिएर लघुवित्त संस्थासँग कारोबार गरेका अधिकांश विपन्नले राम्रो आर्थिक प्रगति गरेका छन् ।**

### वित्तीय साक्षरता अभियानका चरण

यस सन्दर्भमा वित्तीय साक्षरता सबै व्यक्तिलाई आवश्यक छ । देशमा सुशासन, सुव्यवस्था कार्यान्वयन गरेर वित्तीय अनुशासन कायम गर्न कुशल र सक्षम नेतृत्वका लागि सबै नेतृत्वकर्तालाई पहिलो चरणको वित्तीय साक्षरता चेतना वृद्धि गर्ने अभियान आवश्यक छ । विभिन्न तरीकाले देश, समाज र परिवारको नेतृत्व गर्नेहरूलाई लक्षित गरेर वित्तीय साक्षरताको माध्यमले चेतना वृद्धि गर्न सकेमा मात्र समाजमा गरीबी निवारण गर्न, वित्तीय अनुशासन कायम राख्न र दिगो आर्थिक विकास गर्न सहज हुनेछ ।

नेतृत्व तहमा वित्तीय साक्षरता नभएमा समुदायमा वित्तीय अनुशासन बिग्रँदै जानेछ । प्रतिकूल वातावरणमा वित्तीय सेवाजस्तो अतिआवश्यक सेवा प्रभावित हुनेछ । फलस्वरूप वित्तीय संस्थाहरू असफल हुनेछन् ।

दोस्रो चरणमा विद्यालय शिक्षामा नै वित्तीय साक्षरतासम्बन्धी पाठ्यक्रम समावेश गरी अनिवार्य अध्यापन गराउनु पर्छ । विद्यार्थीलाई मुद्रा, बचत, कर्जा, वित्तीय योजना, लगानी, आम्दानी खर्चबारेमा बाल्यकालदेखि नै व्यावहारिक शिक्षा दिन आवश्यक छ । यसरी दिइने शिक्षा नागरिकको जीवनभरि उपयोगी तथा मार्ग निर्देशक बन्न सक्नेछ ।

वित्तीय साक्षरता अभियानमा नाम मात्रका कार्यक्रम, नारा तथा प्रयासबाट उल्लेखनीय उपलब्धि प्राप्त भएको पाइँदैन । वित्तीय साक्षरता अल्प तथा अधुरो ज्ञानको माध्यमले लक्षित गन्तव्यमा पुग्न र पुऱ्याउन सकिँदैन । यसलाई अझै योजनागत रूपमा व्यवस्थित गरेर प्रभावकारिताका साथ सैद्धान्तिक ज्ञानको साथै व्यावहारिक ज्ञान वृद्धि हुने गरी वित्तीय साक्षरता वृद्धि गर्ने क्रियाकलाप अभियानका रूपमा सञ्चालन गर्न आवश्यक छ । नेपालमा वित्तीय साक्षरता वृद्धि अभियानको शुरुआत डा. हरिहरदेव पन्तले स्थापना गरेको निर्धन संस्थामार्फत भएको हो । ग्रामीण बैंकिङ पद्धतिमा लघुवित्त सेवा प्रदान गर्न तथा लघुवित्त सेवा लिन अनिवार्य सेवाशर्तका रूपमा अनिवार्य समूह प्रवेश तालिम सञ्चालन गरिन्छ । समूह प्रवेश तालिम नै वित्तीय साक्षरता वृद्धि तालिम तथा कक्षा हो । यस तालिममा समूहमा आबद्ध हुने सदस्यलाई सात दिनसम्म हरेक दिन १ घण्टाको दरले वित्तीय साक्षरताका विषयमा तालिम प्रदान गरिन्छ । तालिममा सैद्धान्तिक कक्षा मात्रै नभएर हरेक दिन अनिवार्य बचत गराएर, कर्जा, बचत, लगानी योजना, आयव्यय, बजेट, कर्जा तथा बचतको ब्याजदरलगायत सबै विषयमा उनीहरूकै गाउँटोलमा लघुवित्त संस्थाका कर्मचारीमार्फत सिकाइन्छ । तालिममा राम्ररी बुझेको/नबुझेको परीक्षण गरेर मात्रै लघुवित्त संस्थाको समूहको सदस्यता प्रदान गरिन्छ ।

तालिमपश्चात् लिइने परीक्षामा पास भएपछि मात्रै लघुवित्त संस्थाको समूह सदस्यता दिएर मात्रै लघुवित्त कारोबारका लागि योग्य बनाइन्छ तब मात्रै उनीहरूको बचत खाता खोलिन्छ, कर्जा प्रदान गर्न शुरू गरिन्छ । यसर्थ वित्तीय साक्षरता ज्ञान उत्तम धितो हो भन्न सकिन्छ । यस क्षेत्रमा पछिल्लो समयमा सृजना भएको अस्वस्थ प्रतिस्पर्धा, अनावश्यक रूपमा सेवा आपूर्ति, संस्थाहरूको उद्देश्यमा विचलनले गर्दा खर्च घटाउने प्रतिस्पर्धामा सफलता पाउन समूह प्रवेशपूर्व तालिम तथा वित्तीय साक्षरता तालिम नदिई लघुवित्त सेवा प्रवाह गर्दा हाल केही समस्या देखिएका हुन् । वित्तीय साक्षरता तालिम लिएर लघुवित्त संस्थासँग कारोबार गरेका अधिकांश विपन्नले राम्रो आर्थिक प्रगति गरेका छन् । वित्तीय साक्षरताले गर्दा अन्य बैंक वित्तीय संस्था र तिनका ग्राहकको तुलनामा विश्वासको आधारमा सञ्चालित विनाधितो कर्जा दिने लघुवित्त संस्था र ती संस्थाबाट सेवा लिएका तथा कारोबार गरेका विपन्न समूह सदस्यहरूले उल्लेखनीय सफलता प्राप्त गरेको पाइएको छ ।

कुनै पनि व्यक्तिको आर्थिक सम्पन्नताका लागि तथा सफल जीवनयापन गर्न वित्तीय साक्षर हुन आवश्यक छ । वित्तीय साक्षरता न्यून रहेको अवस्थामा जति नै स्रोतसाधन, शीप ज्ञानले भरिपूर्ण भए पनि व्यक्ति, परिवार तथा समाजकै गरीबी निवारण गर्न सकिँदैन । तसर्थ वित्तीय साक्षरता वृद्धि सर्वप्रथम हरेक तहका नेतृत्वकर्ताहरूमा गर्नुपर्छ । साथै बालबालिका तथा युवा विद्यार्थी वर्गमा वित्तीय साक्षरता वृद्धि हुने गरी विद्यालय पाठ्यक्रम संशोधन गर्नुपर्छ तेस्रो, कार्यान्वयन तहमा वित्तीय साक्षरता वृद्धि गर्नुपर्छ जुन अहिले गरिरहेका छौं । लघुवित्त संस्थाहरूले दिने गरेको कारोबारपूर्वको वित्तीय साक्षरता तालिमलाई अनिवार्य गराउँदै निरन्तरता दिनुपर्छ । ग्राहक वर्गलाई लक्षित गरेर हरेक वर्ष वित्तीय साक्षरता पुनर्ताजगी तालिम प्रदान गर्ने गर्नुपर्छ । वित्तीय संस्थाका साथै संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारले आआफ्ना स्तरमा वित्तीय साक्षरता वृद्धि कार्यक्रम तर्जुमा गरेर वित्तीय साक्षरता तथा वित्तीय अनुशासन वृद्धि गर्न आवश्यक छ । यसका साथै हरेक राजनीतिक दलहरूले आफ्ना कार्यक्रममा समेत वित्तीय साक्षरता वृद्धि गर्ने क्रियाकलापको शुरुआत गरेमा वित्तीय साक्षरता अपेक्षाअनुरूप वृद्धि हुनेछ जसबाटै देशमा दीर्घकालीन रूपमा गरीबी न्यूनीकरण, वित्तीय अनुशासन र दिगो आर्थिक विकासबाट आर्थिक समृद्धि सहजै सम्भव हुनेछ ।

*लेखक लघुवित्त र लघुबीमा क्षेत्रमा लामो अनुभव प्राप्त अधिवक्ता तथा मेलमिलापकर्ता हुन् ।*

# केराको बढ्दो आयात




**राम वाग्ले**

कृषि प्रधान देश नेपालमा फलफूल तथा उपभोग्य कृषि उपजहरू निरन्तर आयात भइरहेको र यस्ता वस्तुहरूको आयात घट्नुको साटो झन् झन् बढ्दै गएको छ । भौगोलिक अवस्था अनुकूल रहेका खेतीबालीहरूको उत्पादन बढाई आयात प्रतिस्थापन गरी अझ निकासी उन्मुख उत्पादन गर्न योजनाले सम्बोधन गर्नुपर्नेमा तीव्र रूपमा आयात बढ्नु विडम्बनाको विषय हुन पुगेको छ ।

यस लेखमा सम्भवतः नेपालमा सबैभन्दा बढी खपत हुने गरेका फलमध्येको केराको आयात बारेमा तथ्यांक प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

केरामा कार्बोहाइड्रेट, चिनी, भिटामिन, पोटासियम, म्याग्नेसियम, फस्फोरस, क्याल्सियमलगायत मिलरल्स तथा डाइटरी फाइबर प्रशस्त मात्रामा पाइन्छ । यसमा भन्सार विभागको आयात तथ्यांकलाई आधार मानिएको छ । यहाँ केरा फल भन्नाले न्यून मात्रामा आयात हुने तरकारीका लागि प्रयोग गरिने केरा बाहेकको एचएस कोड ०८०३९००० अन्तर्गतको फल केरालाई तथ्यांकीय प्रयोजनका लागि लिइएको छ ।




विगत ४ वर्षमा भएको केराको आयात तथ्यांक हेर्दा शुरूका तीन वर्षमा झन्डै स्थिर रूपमा अर्थात रू. १ अर्ब ७१ करोड देखि १ अर्ब ६३ करोडको हाराहारीमा देखिन्छ भने आव २०८०/८१ मा आइपुग्दा रू. २ अर्ब ६५ करोड अर्थात् झन्डै रू. १ अर्बले अकस्मात् रूपमा वृद्धि भएको देखिन्छ । चालू आवको प्रथम ७ महीनामा रू. ९१ करोड मूल्यको केरा आयात भइसकेको छ । विगत ४ वर्षमा भएको केराको आयात परिमाण ५३ हजारदेखि ६४ हजार मेट्रिक टन हाराहारीमा रहेको छ । चालू आवको प्रथम ७ महिनामा मात्र २२ हजार मेट्रिक टन परिमाणमा आयात भएको छ ।

समीक्षा अवधिमा देशगत रूपमा केराको आयात हेर्दा करीब सम्पूर्ण रूपले नै भारतबाट आयात भएको देखिन्छ । विगत ४ वर्षमा केरा आयातबाट प्राप्त भएको राजस्व हेर्दा आव २०७७/७८ मा रू. १५ करोड आयात राजस्व उठेकोमा आव २०८०/८१ मा आइपुग्दा रू. ५२ करोड अर्थात् झन्डै साढे तीन गुना वृद्धि भएको देखिन्छ ।

*लेखक तथ्यांकशास्त्री एवं भन्सार विभागका पूर्वकर्मचारी हुन् ।*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## आगामी मार्चबाट 'फोन पे' सञ्चालनमा आउने

आउँदो मार्च पहिलो साता (यही फागुन तेस्रो साता) देखि औपचारिक रूपमा 'फोन पे' सञ्चालनमा आउने भएको छ । यो 'एफ वान सफ्ट'ले बजारमा ल्याएको अत्याधुनिक बैंकिङ 'प्रडक्ट' हो । 'एफ वान सफ्ट' नेपालको प्रमुख सफ्टवेयर सेवाप्रदायक कम्पनी हो । 'फोन पे' मोबाइल बैंकिङ सुविधा सञ्चालन गरेका बैङ्क तथा वित्तीय संस्थाको सञ्जाल हो । यो सञ्चालनमा आएपछि सञ्जालमा आबद्ध सबै संस्थाका ग्राहकबीच मोबाइलको माध्यमबाट सजिलै कारोबार गर्न सकिन्छ ।

**वर्ष ८, अंक १५१, आइतवार, ६ फागुन, २०६९**

# एनएमबी बैंक, आईएफसी र ईयूको साझेदारी



काठमाडौं (अस) । एनएमबी बैंकले अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी)सँगको सहकार्य र युरोपियन युनियनको 'एसीएसआईआईएस' कार्यक्रमको सहयोगमा तीनदिने तालीम सञ्चालन गरेको छ । सो तालीम बैंकको दिगो वित्तीय प्राथमिकताका तीन मुख्य क्षेत्रहरू ऊर्जा, कृषि व्यवसाय र एसएमई (सानो तथा मध्यम उद्यम) क्षेत्रमा जलवायु वित्त र जोखिम व्यवस्थापन सुदृढ गर्न केन्द्रित रहेको बताइएको छ ।

नेपाल जलवायु जोखिमका दृष्टिले अति संवेदनशील भएकाले तालीमले बैंकिङ तथा व्यवसायमा ईएसजी (पर्यावरणीय, सामाजिक र सुशासन) अभ्यासलाई समाहित गर्न जोड दिएको बताइएको छ । यसले प्रभावकारी जोखिम व्यवस्थापन र वित्तीय स्थायित्वमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । आईएफसीका विशेषज्ञ र स्थानीय परामर्शदाताबाट क्षेत्रीय तथा विश्वव्यापी उत्कृष्ट अभ्यासबारे गहिरो ज्ञान हासिल गर्न एनएमबी बैंकका व्यावसायिक टोली, ई एण्ड एस तथा जोखिम अधिकृत तथा ग्राहक गरी ९० जना तालीममा सहभागी थिए ।

# नेपाल बैंकको वार्षिक साधारणसभा सम्पन्न



काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडको ६५ औं वार्षिक साधारणसभा बुधवार काठमाडौंमा सम्पन्न भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष थानप्रसाद पंज्ञानीको अध्यक्षतामा सम्पन्न साधारणसभामा आर्थिक वर्ष (आव) २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहितको २०८१ आषाढ मसान्तको वित्तीय विवरण पारित गरिएको छ ।

बैंकको नियमावलीमा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकको निर्वाचन गर्ने कार्यतालिका समेत रहेकोमा उच्च अदालत पाटनको अल्पकालीन अन्तरिम आदेशबाट रोकिएको बताइएको छ ।

बाँकी पृष्ठ १ बाट ...

**निःशुल्क वाइफाई ...**

सोही कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत जब्बोर कायुमोभले आफ्नो प्रस्तुतीकरणमा दूरसञ्चार प्रदायक कम्पनीहरूको आम्दानीमा पछिल्ला वर्षहरूमा भारी गिरावट आएको भन्दै निःशुल्क वाइफाईलाई सरकारले नियन्त्रण गर्नुपर्ने बताएका थिए ।

नेपाल टेलिकमले पनि निःशुल्क वाइफाई विस्तार गर्ने सुविधा आईएसपीहरूलाई नदिन पटकपटक प्राधिकरणलाई पत्राचार गरेको बताएको छ । 'हामीले धेरैपल्ट प्राधिकरणलाई आईएसपीको निःशुल्क वाइफाई बन्द गर्न चिठी लेखिसक्यौं । हामीले २०-२० अर्ब रुपैयाँ नवीकरण शुल्क तिरेर जीएसम मोबाइलको लाइसेन्स नवीकरण गर्नुपर्छ । आईएसपीहरूले ४/५ लाख रुपैयाँ तिरेर फ्री वाइफाई दिने हो भने जीएसएम मोबाइल सेवा कसले चलाउँछ ? बजारमा हामी कसरी टिक्ने ?' नेपाल टेलिकमका प्रवक्ता हरि ढकालले आर्थिक अभियानसँग भने । भ्वाइस सेवाबाट हुने आम्दानी निकै घटेपछि केही वर्षयता दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूको आम्दानीमा गिरावट आइरहेको छ । यस्तै अवस्था रहे पाँचौं पुस्ता (फाइभ-जी)को प्रविधिमा लगानी गर्न नसक्ने कायुमोभले हालै आयोजित कार्यक्रममा बताएका थिए ।

वर्ल्डलिंकका अधिकारीहरूले भने फ्री वाइफाई बन्द गर्ने विषयमा चर्चा सुनेको भन्दै त्यस्तो गरिए उपभोक्ता अधिकारमाथि खेलवाड गरिएको ठहरिने बताए । 'हामीले केही प्रतिशत निःशुल्क सेवा गर्न पनि नपाउने ? निःशुल्क वाइफाई चलाउन पाउने उपभोक्ताको अधिकार पनि हो । कमाउने नाममा कसैको अधिकारमाथि कसैले पनि खेलवाड गर्न पाइँदैन,' नाम नबताउने शर्तमा वर्ल्डलिंकका एक सञ्चालकले भने । ती सञ्चालकका अनुसार निःशुल्क वाइफाई स्थानीय तहदेखि गुठी, मठमन्दिर सञ्चालन गर्ने समितिहरूसँग सम्झौता गरेर दिइएको छ । हरेक प्रयोगकर्ताको विवरण कम्पनीले राखेको र कुनै सुरक्षा थ्रेट छैन । निःशुल्क वाइफाईका कारण अहिलेसम्म कोही ठगिएको गुनासो नआएको वर्ल्डलिंकका अधिकारीहरू बताउँछन् ।

**चिनियाँ कम्पनीलाई ...**

तर, सर्वोच्चले निवेदनको अन्तिम टुंगो नलागेको भन्दै उच्चले गरेको उक्त फैसला कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो ।

आदेशमा भनिएको छ, 'निवेदन माग भएबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए त्यसको आधार र कारणसहित विपक्षी १ र २ को हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत र विपक्षी नम्बर तीनको हकमा महान्यायाधिवक्ता कार्यालयमार्फत बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नू ।'

मध्यस्थ न्यायाधिकरणको निर्णयविरुद्ध नेपाल विद्युत् प्राधिकरण प्राधिकरण मध्यस्थता ऐन, २०५५ को दफा ३० (२) (ग), (घ) र दफा ३० (३) (ख) विरुद्ध रहेको भन्दै उक्त निर्णय बदर गरिपाऊँ भनी मिति २०८० मङ्सिर १२ मा पाटन उच्च अदालत गएको थियो । उच्चले २०८१ भदौ ३० गते मध्यस्थ न्यायाधिकरणको निर्णयलाई सदर गरेको थियो ।

**९ उद्योगमा ...**

एएसी इँट्टा सिमेन्ट र बालुवाका साथै ८० प्रतिशत कच्चा पदार्थ स्वदेशी नै प्रयोग हुने संघले बताएको छ ।

यस्तो इँट्टाको गारो लगाउने मापदण्डलाई सरकारले गत मङ्सिर ६ गते स्वीकृति दिइसकेको पाण्डेले बताए । रातो इँटाको विकल्पको रूपमा रहेको तर कृषि उब्जाउ हुने माटोको प्रयोग नहुने भएकाले वातावरणमैत्री, हलुका र निर्माणमा खर्चसमेत कम लाग्ने पाण्डेको भनाइ छ । ।

संघका अनुसार हाल स्वदेशमा एएसी ब्लकको कुल जडितक्षमता २ हजार २०० घनमीटर प्रतिदिन रहेको छ । उक्त परिमाण वर्षमा ४५ करोड गोटा रातो इँटा बराबर हुन आउने संघले उल्लेख गरेको छ । नेपालमा १० वर्षदेखि विभिन्न उद्योगले फरक/फरक ब्रान्डमा एएसी ब्लक उत्पादन गरिरहेका छन् । एएसी ब्लक जर्मन प्रविधिमा आधारित हलुका, अग्नि, ध्वनि र ओसप्रतिरोधक, वातावरणमैत्री निर्माण सामग्री रहेको उल्लेख गरिएको छ ।

यस्तै नेपाल नापतौल तथा गुणस्तर विभागले पनि एएसी ब्लकलाई निर्माण सामग्रीका रूपमा स्वीकृति दिएर नेपाल गुणस्तरसमेत निर्धारण गरेको छ । कतिपय उद्योगले गुणस्तर प्रमाणपत्रसमेत पाइसकेको संघले जानकारी दिएको छ ।

संघका अनुसार एएसी ब्रिक/ब्लकबाट संरचना निर्माण गर्दा बजारमा पाइने सामान्य रातो इँटा वा ब्लकको तुलनामा १० देखि १५ प्रतिशतसम्म कम लागत पर्छ । स्वदेशमा उत्पादित एएसी ब्रिक/ब्लक नेपालमा खपत भई धेरै भएमा विदेशमा समेत निर्यात गर्न सकिने सम्भावना रहेको उल्लेख गरिएको छ । बजारमा अहिले एएसी ब्रिक/ब्लकको अंश ६ देखि ८ प्रतिशत रहेको बताइन्छ ।

# नेपालगञ्जमा टाटाका नयाँ ईभी सार्वजनिक




काठमाडौं (अस) । नेपालका लागि टाटा मोटर्सको आधिकारीक वितरक सिप्रदी ट्रेडिङ्ग प्रालिले हालै लन्च भएका कर्भ ईभी, नेक्सन केइ ईभी र टाटा टियागो ईभी नेपालगञ्जमा सार्वजनिक गरेको छ । नेपालगञ्जस्थित रुद्रप्रिया इन्टरनेशनल शोरूममा यी ईभी सार्वजनिक गरिएको हो । कार्यक्रममा सिप्रदीका प्यासेन्जर भेहिकलका बिजनेस युनिटका प्रमुख सावन्तजंग सिजापती, टाटा मोटर्सको लागि नेपालका देशीय निर्देशक प्रशन्न रंगनाथान र नेपालगञ्ज उप-महानगरपालिका मेयर प्रशान्त बिष्टको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै सिप्रदीका प्यासेन्जर भेहिकलका बिजनेस युनिटका प्रमुख सावन्त जंग सिजापतीले सार्वजनिक गरिएका ईभी डिजाइन, प्रिमियम फिल, सफ्टी फिचर, उत्कृष्ट साउन्ड सिस्टम र नेपालको बाटो सुहाउने प्रिमियम गाडी भएकोले प्रिमियम एसयूभी लिन खोज्ने ग्राहकहरुको पहिलो रोजाइमा पर्ने बताए ।

देशीय निर्देशक रंगनाथानले टाटा र सिप्रदी विक्रीपछिको सेवाको लागि प्रतिबद्ध रहेको बताए । उक्त कार्यक्रममा नयाँ ग्राहकहलाई गाडीको साँचो पनि हस्तान्तरण भएको थियो ।

# आजदेखि कोशी प्रदेश स्तरीय ढाका महोत्सव

विराटनगर (अस) । नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको महिला उद्यमी विकास समितिले आज (बिहीवार)देखि ढाका महोत्सव गर्ने भएको छ । ढाका उद्योगको प्रवर्द्धन, बजारीकरण र आधुनीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले विराटनगरमा ढाका महोत्सव आयोजना गर्ने भएको हो ।

महिला उद्यमी विकास समितिकी संयोजक सरु केसीका अनुसार विराटनगरको जैन भवनमा हुने ढाका महोत्सवमा कोशी प्रदेशका १४ ओटै जिल्लाका ढाका उद्योगसँग सम्बन्धित करीब ३ सय महिला उद्यमीको सहभागिता रहने बताइएको छ ।

शनिवारसम्म रहने महोत्सवमा ढाका कपडा तान प्रतियोगिता, संस्कृतिसँग जोडेर ढाकाको फेशन शो, ढाका पोशाक प्रतियोगिता लगायतका कार्यक्रम समावेश गरिएको महिला उद्यमी विकास समितिकी संयोजक केसीले जानकारी दिइन् ।


# CAREER OPPORTUNITY

One of the leading National Level Development Banks having corporate office at Kathmandu is looking for applications for the following positions from qualified Nepalese Citizens.

**Deputy Manager (Regional Head) : One**

**Qualification & Experience:**

- At least 10 years of banking experience with 5 years of experience as Branch Manager/ Regional Head /Corporate Credit.
- Must have 2 years of continued service in up to one position below at National Level Development Bank.
- Having at least Masters' Degree in Management/Economics or related field from recognized university with minimum second division marks or CA with Bachelors' Degree.
- Age should be minimum 30 years and should not exceed 45 years as on the last date of application.

**Senior Officer (Credit/Treasury) : Two**

**Qualification & Experience:**

- At least 5 years of banking experience with 2 years of experience in related vertical.
- Must have 2 years of continued service in up to one position below at National Level Development Bank.
- Having at least Bachelors' Degree in Management/Economics or related field from recognized university with minimum second division marks or CA with Bachelors' Degree.
- Age should not exceed 40 years as on the last date of application.

Only shortlisted candidates will be called for further selection process and the corporate position shall be offered commensurate with the prior experience of the candidates. The bank reserves the right to reject any application without assigning any reason. Canvassing at any stage of the process shall lead to automatic disqualification.

**To apply, please follow this link: www.kumarijob.com/nldb**

**The deadline for the application is Thursday, April 3, 2025.**



Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation
**Water Supply and Sanitation Division No 2,Dhading**
**Published Date: 2081/12/07**

**Notice of Intent for Approval**

This is to inform all concerned bidders, that for the fallowing works published on **Naya Patrika National Daily** dated 2081/10/24,with procedure of single stage single envelope, among the duly submitted bids within the stipulated date and time, it is our intention to award the contract to the lowest evaluated substantially responsive bids of the following bidder .This notice has been published pursuant to the clause 27 (2) of public procurement act 2063(with amendment) of Nepal for approval of the contract.

| SN | Contract No | Name of Works | Bidder's Name and address | Evaluated Bid Amount (with VAT) |
|---|---|---|---|---|
| 1. | NCB/ GOODS/02/081/82/ DHADING | Supply and Delivery of PE 100 (NS40) HDPE pipes, Dhading | Nepal Plastics Pvt. Ltd., Dharan, Sunsari | Nrs: **5602038.28** ( Rupees Fifty Six Lakh Two Thousand Thirty Eight and Paisa Twenty Eight Only ) |

Division Chief
WSSD2, Dhading



**नबिल बैंक लिमिटेड, नेपालगंज (धामबोजी चोक) शाखा, बाँके धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मिति : २०८१/१२/०७)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीहरुले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/२५ को कारोवार दैनिक** पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणीहरु तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरे को/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **नेपालगंज (धामबोजी चोक) शाखा, बाँके**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरे मा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण** |
| | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा मिति २०५७/०८/०८ मा सा.फ.त्.प्र.प.नं./बर्दिया ३०/१५२३/०५७/०५८ अन्तर्गत दर्ता भएको **श्री कृष्ण निर्माण सेवा ।** ठेगानाः बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ०८, बदिर्या । **ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः** कुलु बुढा क्षेत्रीको नाति कालु बुढा क्षेत्रीको छोरा सल्यान जिल्ला बनगाड कुपिण्डे न.पा वडा नं. १ स्थायी घर भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १३४७/७२ (जारी मितिः २०३६/१२/०४, स्थान सल्यान) भएका **हिरा बहादुर बुढा क्षेत्री ।** |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | १. कालु बुढा क्षेत्रीको नाति हिरा बहादुर बुढा क्षेत्रीको छोरा सल्यान जिल्ला देवस्थल गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ६२५८ (जारी मितिः २०५६/०३/१८, स्थान सल्यान) भएका **खुमलाल बुढा क्षेत्री ।**<br>२. नेम बहादुर थापाकी छोरी हिरा बहादुर बुढा क्षेत्रीकी बुहारी खुमलाल बुढा क्षेत्रीकी श्रीमती बर्दिया जिल्ला मोतिपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा.वडा नं. ११ बस्ने, ना.प्र.नं. ६५३०१३/१६१३ (जारी मिति २०३६/११/२८, स्थान बर्दिया) भएकी **गिता कुमारी थापा ।**<br>३. कालु बुढा क्षेत्रीकी बुहारी हिरा बहादुर बुढा क्षेत्रीकी श्रीमती सल्यान जिल्ला बनगाड कुपिण्डे न.पा वडा नं. १ स्थायी घर भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १३४८/७५८३ (जारी मिति २०४५/०१/१४, स्थान सल्यान) भएकी **रुद्र काली बुढा ।**<br>४. कालु बुढा क्षेत्रीको नाति हिरा बहादुर बुढा क्षेत्रीको छोरा सल्यान जिल्ला देवस्थल गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. २०१४९ (जारी मितिः २०६०/०२/२३, स्थान बर्दिया) भएका **कृष्ण राम वि.सी. ।**<br>५. लोक बहादुर खड्काकी छोरी हिरा बहादुर बुढा क्षेत्रीकी बुहारी कृष्ण राम वि.सी.की श्रीमती बाँके जिल्ला सितापुर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. १७६५७ (जारी मिति २०६०/११/१६, स्थान बाँके) भएकी **चन्दा खड्का ।** |
| | **धितोको विवरण** |
| | १. सल्यान जिल्ला बनगाड कुपिण्डे न.पा वडा नं. १ स्थायी घर भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ०८ बस्ने, **हिरा बहादुर बुढा क्षेत्री**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला शम्सेरगंज गा.वि.स. वडा नं. ०४ नक्सा सीट नं. ०३५०९७१ मा अवस्थित कि.नं. १९२ क्षेत्रफल १५६५.०० व.मि. को जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. सल्यान जिल्ला बनगाड कुपिण्डे न.पा वडा नं. १ स्थायी घर भई हाल बर्दिया जिल्ला बारबर्दिया न.पा. वडा नं. ०८ बस्ने, **हिरा बहादुर बुढा क्षेत्री**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बर्दिया जिल्ला मगरागाडी गा.वि.स. वडा नं. ०९ नक्सा सीट नं. ०३४/०४७४ मा अवस्थित कि.नं. १८५७ र ५५५ क्षेत्रफल क्रमश १३५५.०० र ७१८५.०० व.मि. को घरजग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>**सवारी साधनको विवरणः**<br>ऋणी **श्री कृष्ण निर्माण सेवा** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. लु.१ क.४६५२ भएको JCB-BHL. |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | कालु बुढा क्षेत्रीको नाति हिरा बहादुर बुढा क्षेत्रीको छोरा सल्यान जिल्ला देवस्थल गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ६२५८ (जारी मितिः २०५६/०३/१८, स्थान सल्यान) भएका **खुमलाल बुढा क्षेत्री ।** |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | नेम बहादुर थापाकी छोरी हिरा बहादुर बुढा क्षेत्रीकी बुहारी खुमलाल बुढा क्षेत्रीकी श्रीमती बर्दिया जिल्ला मोतिपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ६५३०१३/१६१३ (जारी मिति २०३६/११/२८, स्थान बर्दिया) भएकी **गिता कुमारी थापा ।** |
| | **धितोको विवरणः** |
| | सल्यान जिल्ला देवस्थल गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ११ बस्ने, **खुमलाल बुढा क्षेत्री**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. ०३ नक्सा सीट नं. ३ग मा अवस्थित कि.नं. १०४८ क्षेत्रफल ०-१-१०-० विघाको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौं** वा **नेपालगंज (धामबोजी चोक) शाखा, बाँके**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिन भित्र अर्थात मिति २०८१/१२/१९ गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौं** वा **नेपालगंज (धामबोजी चोक) शाखा, बाँके**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/२० गते ३:०० बजे बैंकको **नेपालगंज (धामबोजी चोक) शाखा, बाँके**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट्/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **नेपालगंज (धामबोजी चोक) शाखा, बाँके**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# ग्लोबल आइएमई बैंकद्वारा २०८२ सालको पात्रो सार्वजनिक




काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडले पुराना नेपाली जीवनशैली झल्काउने दुर्लभ तस्वीर समावेश गरी २०८२ सालको पात्रो सार्वजनिक गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकको कर्पोरेट कार्यालय, कमलादीमा आयोजित एक समारोहबीच पात्रो सार्वजनिक गरेका हुन् ।

पात्रोमा पुराना नेपाली जीवनशैली, रहनसहन र परम्परागत अभ्यासलाई कैद गरिएका दुर्लभ तस्वीर समावेश गरिएको बताइएको छ। तस्वीरले समयको प्रवाहसँगै परिवर्तन भएका जीवनशैली र रहनसहनको स्मरण गराउँदै नयाँ पुस्तालाई विगतको जीवनशैली, रहनसहन तथा अवस्थाका बारेमा जानकारी गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

पात्रो सार्वजनिक गर्दै अध्यक्ष ढकालले विगतका वर्षमा पात्रोमा नेपाली कला र संस्कृतिसम्बन्धी विषय प्रकाशन गर्ने गरेको स्मरण गर्दै नेपालको सर्वांगीण विकासका लागि हामीले नेपाली कला, साहित्य, संस्कृति र सभ्यतालाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक रहेको बताए । 'ग्लोबल आइएमई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता कार्यलाई निरन्तरता दिँदै आएको छ,' उनले भने ।

# 'ग्लोबल मनी विक'मा राष्ट्रिय वाणिज्य बैंकको वित्तीय साक्षरता कार्यक्रम




काठमाडौं (अस) । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले 'ग्लोबल मनी विक'को अवसरमा आफ्ना शाखा कार्यालयमार्फत युवा, विद्यार्थी, कर्मचारी, कृषक माझ वित्तीय चेतना अभिवृद्धिका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिरहेको छ । अन्तरराष्ट्रिय रूपमा हरेक वर्ष मार्च महीनाको दोस्रो साता मनाइने ग्लोबल मनी विकमा यसपाली बैंकले चैत ४ देखि १० गतेसम्म साताव्यापी 'थिंक बिफोर यु फलो, वाइज मनी टुमरो' नारासहित कार्यक्रम सञ्चालन गरिरहेको बताइएको छ।

कार्यक्रममा स्कुल तथा कलेजका विद्यार्थी, कर्मचारी, मजदूर तथा कृषक सहभागी छन् । अभियानअन्तर्गत बैंकले बैंकसँग कारोबार गर्दाका फाइदा, डिजिटल बैंकिङ, क्यूआर, पोस सेवा, आरविवि स्मार्ट बैंकिङ, इन्टरनेट बैंकिङ, पिन तथा पासवर्ड सुरक्षा, ओटीपी, रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिरहेको बताइएको छ ।

साथै बैंकले सामाजिक सञ्जालबाट चेतनामूलक श्रव्यदृश्य सामग्री समेत प्रसारण गरेको छ। बैंकले हरेक त्रयमासमा शाखा कार्यालयमार्फत वित्तीय साक्षरता कार्यक्रम समेत सञ्चालन गर्दै आएको बताइएको छ । सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका १७६ भन्दा बढी मुलुकमा सञ्चालन हुँदै आएको 'ग्लोबल मनी विक' मुख्यगरी किशोर तथा युवा अवस्थामा वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी अभियान थालेको हो ।

**भुल सुधार गरिएको सम्बन्धमा**

**प्रकाशित मिति : २०८१/१२/०७**

यस बैंकले मिति २०८१/१२/०६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचनामा शाखा कार्यालय हेटौंडा, मकवानपुरका संयुक्त ऋणीहरु तिलक बहादुर मुक्तान र सुकुमान मुक्तानको लिलाम सम्बन्धी सम्पूर्ण व्यहोरा उक्त सूचनाबाट हटाईएको सबैलाई जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५२७०५९५, ५२१०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# लगातार चौथो दिन घट्यो नेप्से

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १,९८०.०० | ९.३९ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २,१५२.०० | -९.२० |
| गरिमा समृद्धि योजना | ९.८० | ७.६९ | हिमालयन पावर पार्टनर लिमिटेड | ६०४.४० | -४.५२ |
| भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ९४८.०० | ७.२४ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ४८६.४० | -४.२३ |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,४३७.६० | ७.०० | सेन्ट्रल फाइनान्स लिमिटेड | ५५४.०० | -४.२० |
| रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ९०२.१० | ३.५६ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५६१.०० | -४.१० |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १७१.१८ | ३३.२८ |
| २ | विकास बैंक | ६७.६५ | १३.१५ |
| ३ | अन्य | ५१.७५ | १०.०६ |
| ४ | जीवन बीमा | ४७.७४ | ९.२८ |
| ५ | लगानी | ४७.५५ | ९.२४ |
| ६ | लघुवित्त | ३६.९१ | ७.१८ |
| ७ | बैंकिङ्ग | ३२.४७ | ६.३१ |
| ८ | निर्जीवन बीमा | १९.४० | ३.७७ |
| ९ | वित्त | १६.३९ | ३.१९ |
| १० | उत्पादन तथा प्रशोधन | १४.४३ | २.८१ |
| ११ | होटल तथा पर्यटन | ५.२६ | १.०२ |
| १२ | संस्थापक शेयर | २.४६ | ०.४८ |
| १३ | व्यापार | ०.५६ | ०.११ |
| १४ | म्युचुअल फण्ड | ०.४४ | ०.०९ |
| १५ | ऋणपत्र | ०.१३ | ०.०३ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ३३.८० | ३०.११ | ६३.९२ |
| ४९ | २०.२८ | २२.१० | ४२.३८ |
| ४२ | २१.०१ | २०.०१ | ४१.०३ |
| ३४ | १५.८९ | १५.८१ | ३१.७० |
| ४५ | १५.१३ | १४.५३ | २९.६७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | २९.६७ | ९७७.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | २३.४६ | १,४०४.०० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | १७.१८ | १,२८२.१० |
| ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १५.२० | १,४३७.६० |
| हिमालयन पावर पार्टनर लिमिटेड | १३.८३ | ६०४.४० |

**अभियान संवाददाता**

काठमाडौं

लगातार चौथो कारोबार दिन बुधवार पनि नेप्से परिसूचक घटेको छ। मंगलवारको तुलनामा नेप्से परिसूचक शून्य दशमलव ५५ प्रतिशत घटेको हो । यस दिन नेप्से परिसूचक २ हजार ६७६ विन्दुसम्म झरेको थियो भने २ हजार ७०६ दशमलव ५८ विन्दुसम्म पुगेको थियो । अन्तिममा नेप्से परिसूचक २ हजार ६८२ दशमलव १५ विन्दुमा बन्द भएको हो ।

घटेको बजारमा मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ९ दशमलव ३९ प्रतिशत बढेको छ । यो दिन कम्पनीको अन्तिम मूल्य १ हजार ९८० रुपैयाँ कायम भएको छ । यो दिन सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य भने ९ दशमलव २० प्रतिशत घटेर प्रतिकित्ता २ हजार १५२ रुपैयाँ कायम भएको छ ।

अघिल्लो कारोबार दिनको तुलनामा नेप्से परिसूचक घटेपनि कारोबार रकम भने बढेको छ । अघिल्लो कारोबार दिन ४ अर्ब ३४ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएकोमा बुधवार ५ अर्ब १४ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको हो ।

कुल कारोबारमा हिमालयन रिइन्स्योरेन्सको सर्वाधिक रकमको शेयर कारोबार भएको छ । कम्पनीको २९ करोड ६७ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको यस कम्पनीको शेयर मूल्य प्रतिकित्ता ९ रुपैयाँले घटेर अन्तिम मूल्य ९७७ रुपैयाँ कायम भएको छ ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये तीन समूहको सूचक बढेको छ भने बाँकी समूहको सूचक घटेको हो । सबैभन्दा बढी व्यापार समूहको सूचक शून्य दशमलव ६० प्रतिशत वृद्धि भएको छ भने वित्त समूहको सूचक सर्वाधिक १ दशमलव ५३ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

बुधवार बजार पूँजीकरण रू. २४ अर्ब ७१ करोडले घट्दै रू. ४४ खर्ब ५३ अर्ब ५९ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ७८ अर्ब ३१ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३३ दशमलव २८ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ७१ करोड १८ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ । उक्त समूहको रू. ६७ करोड ६५ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ६३ करोड ९२ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३० करोड ११ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३३ करोड ८० लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ४९ रहेको छ। जसबाट बुधवारको बजारमा रू. ४२ करोड ३८ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**शाखा कार्यालय डुम्रे, तनहुँको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८१/१२/०७ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय डुम्रे, तनहुँबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय , घरेलु तथा साना उद्योग विकास समिति, गण्डकी प्रदेश दमौली, तनहुँमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७६/०४/२० मा दर्ता नं. ६०६६/०७६/०७७ कायम भई दर्ता भएको तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित **सरण सिंह किराना पसल** **प्रोप्राइटर: जमुना थापा**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. प्रेम बहादुर थापाको बुहारी, मन सिंह थापाको पत्नी, तनहुँ जिल्ला, बन्दीपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **जमुना थापा (ना.प्र.प.नं. ८१९९१, तनहुँ)**
२. रन बहादुर थापाको नाति, प्रेम बहादुर थापाको छोरा, तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स./न.पा.वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **मन सिंह थापा (ना.प्र.प.नं. ४५०६, तनहुँ)**
३. प्रेम बहादुर थापाको नाति, मन सिंह थापाको छोरा, तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **शरण सिंह थापा (ना.प्र.प.नं. ४३-०१-७७-०२४०४, तनहुँ)**

**२. ऋणीको विवरण**

सन्त बहादुर घर्तिको नाति, लक्ष्मण घर्तिको छोरा, तनहुँ जिल्ला, बरभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं.१ स्थित स्थायी ठेगाना भएको **तिलक बहादुर घर्ति (ना.प्र.प.नं. ५२८४१, तनहुँ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१ भोटे घर्तिको नाति, सन्त बहादुर घर्तीको छोरा, तनहुँ जिल्ला, बरभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **लक्ष्मण घर्ति (ना.प्र.प.नं. ६३२, तनहुँ)**
२. लक्ष्मण घर्तिको बुहारी, तिलक बहादुर घर्तिको पत्नी, तनहुँ जिल्ला, बरभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **लक्ष्मी घर्ति (ना.प्र.प.नं. ४३३०२६/१९५, तनहुँ)**
३. सन्त बहादुर घर्तिको नाति, लक्ष्मण घर्तीको छोरा, तनहुँ जिल्ला, बरभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **बिष्णु बहादुर घर्ति (ना.प्र.प.नं. ६६०, तनहुँ)**
४. लक्ष्मण घर्तिको नाति, बिष्णु बहादुर घर्तिको छोरा, तनहुँ जिल्ला, बरभञ्ज्याङ गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **प्रकाश जि.सि (ना.प्र.प.नं. ५२२५७, तनहुँ)**

**३. ऋणीको विवरण**

सन्त बहादुर कुमालको नाति, अमृत बहादुर कुमालको छोरा, गोरखा जिल्ला, पालुङ्टार न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **पूर्ण कुमाल (ना.प्र.प.नं. ४४-०१-७२-०४०२४, गोरखा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१ डल्ले कुमालको नाति, शन्त बहादुर कुमालको छोरा, गोरखा जिल्ला, पालुङ्टार न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **अमृत बहादुर कुमाल (ना.प्र.प.नं. १०५७७, गोरखा)**
२. सन्त बहादुर कुमालको बुहारी, अमृत बहादुर कुमालको पत्नी, गोरखा जिल्ला, धुवाकोट गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **रिम्कि माया कुमाल (ना.प्र.प.नं. ४४३०२०/३८५, गोरखा)**

ILBSL
**इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.**
**Infinity Laghubitta Bittiya Sanstha Ltd.**
केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), फोन नं.: ०७८-५०३३०१, इमेल: info@infinitylbsl.com.np

**यस वित्तीय संस्थाका ऋणीहरुलाई ३५ दिन भित्र कर्जा चुक्ता गर्न आव्हान गरिएको तथा प्रथम पटक १० दिने बोलपत्र गरिएकोमा चुक्ता नगर्ने ऋणीहरुको धितो रहेको चल सम्पति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना ।**

**(दोस्रो पटक प्रकाशित मिति : २०८१।१२।०७ गते)**

यस वित्तीय संस्थाको निम्न कार्यालयहरुबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले म्यादभित्र कर्जा चुक्ता नगरेको र लिखित तथा मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ५ दिन भित्र वित्तीय संस्थामा आई कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको व्याज समेत चुक्ता गरी धितो चल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ऋणी र धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो चल सम्पत्ति वित्तीय संस्था आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । यो सूचना बमोजिम ५ दिन भित्र चुक्ता नभएको कर्जाहरुको लागि वित्तीय संस्थामा धितो रहेको चल/अचल सम्पत्ति सकार गरिलिन ईच्छुक महानुभावहरुबाट यो सूचना पत्र पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले ५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा कार्यालय समय भित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश भएको कार्यालयमा ६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा दिनको २ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्र दाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । शिलबन्दी बोलपत्रमा बोल कबोल गरिएको मूल्यमा धितो सम्पत्तिको हक हस्तान्तरण हुन सक्ने हुँदा धितो रहेको चल सम्पत्ति लिलाम बिक्री गर्दा वा वित्तीय संस्था आफैंले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा वित्तीय संस्था आफैंले सकार गरी लियो भनी कहीं कतै उजूर लाग्न नसक्ने व्यहोरा समेत सम्बन्धित ऋणी र धितो जमानत दिनेलाई यसै सूचनाबाट जानकारी गराएका छौं ।

**तपसिल**

| क्र.सं. | लगानि गर्ने शाखा कार्यालय | कर्जा शिर्षक र नं. | ऋणीको नाम र ठेगाना | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| १ | बर्दिबास, महोत्तरी | उपभोक्ता कर्जा (अटो) कर्जा नं. (०१७१३००००१२) | ज्ञान बहादुर स्याङताङ, रानीचुरी, ०३, सिन्धुली | गाडि नं. प्रदेश २-०२-००१ ह १८३२, ईन्जिन नं. AMBAFKX3001273 च्यासिस नं.MBX0004FFXK936743 |
| २ | बर्दिबास, महोत्तरी | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०१७१३००००३१) | अनिल बहादुर बिश्वकर्मा, हतपते, ०७, सिन्धुली | गाडि नं. प्रदेश २-०२-००१ ह २०९७, ईन्जिन नं. TBPAXBW3002910 च्यासिस नं. MBX0005AFXB812694 |
| ३ | डुमरटोका, सुनसरी | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०८४१३००००01) | पुष्प बहादुर बस्नेत, लेगुवा, ०४, धनकुटा | गाडि नं. प्रदेश १-०२-००३ ह ३४७६, ईन्जिन नं. TBPALHZ3026849 च्यासिस नं. MBX0005LFMH127884 |
| ४ | डुमरटोका, सुनसरी | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०८४१३००००02) | श्याम कुमार माझी, आँखिसल्ला, ०२, धनकुटा | गाडि नं. को २-ह ७०२४, ईन्जिन नं.TBPEMJW3022239 च्यासिस नं. MBX0002JFW5723441 |
| ५ | कोहलपुर, बाँके | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०३११३००००06) | रिना कुमारी महतारा बुढा, बाई, ०५,बाजुरा | गाडि नं. भे १-स ८९५९, ईन्जिन नं. TBPAXAW3002344 च्यासिस नं. MBX0005AFXA794611 |
| ६ | कोहलपुर, बाँके | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०३११३००००२१) | चित्र बहादुर सार्की, सोनपुर, ०१, दाङ | गाडि नं. भे १-ह ६४०६, ईन्जिन नं.TBPALDZ3021291 च्यासिस नं. MBY0005LFMH127698 |
| ७ | दुर्गौली, कैलाली | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०२०१३००००0९) | राम प्रकाश चौधरी, प्रतापपुर, ०६, कैलाली | गाडि नं. सु.प.प्र. ०१-००१ स ५८६४, ईन्जिन नं. TBPALCX3007833 च्यासिस नं. MBX0005LBLC019484 |
| ८ | दुर्गौली, कैलाली | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०२०१३००००१०) | चन्द्र बहादुर नेपाली, दरख, ०५, कैलाली | गाडि नं. सु.प.प्र.०१-००१ स ५२६४, ईन्जिन नं. TBPALBY3017733 च्यासिस नं. MBX0005LFMC094742 |
| ९ | लक्ष्मिनिया, धनुषा | उपभोक्ता कर्जा (अटो) कर्जा नं.(०४२१३००००२४) | सेनिया सहनी, हसपुर, ०२, धनुषा | गाडि नं. प्र.२-०२-००१ ह २०१३, ईन्जिन नं. AMBAFKX3001277 च्यासिस नं. MBX0004FFXK939310 |

**शर्तहरु :**

१) बोलपत्र फारम वित्तीय संस्थाको कुनै शाखा कार्यालयबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।
२) बोलपत्र फारममा आफूले बोल कबोल गरेका रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आफूले लिन चाहेको चल सम्पत्तिको विवरण वित्तीय संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ ।
३) बोलपत्र फारममा कर्जा शीर्षक र नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै बोलपत्रको खाम बाहिर समेत सो कर्जा शीर्षक र नम्बर उल्लेख हुनु पर्नेछ ।
४) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशत रकम यस वित्तीय संस्थाको कुनै पनि शाखा कार्यालयमा जम्मा गरेको भौचरको अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गर्ने बैंकको कार्यालयका नाउँमा खिचिएको ड्राफ्ट सक्कलै पेश गर्नुपर्नेछ ।
५) लिलाम बिक्री हुने धितो सुरक्षण सम्बन्धी कागजात निरीक्षण गर्न चाहेमा वा लिलाम बिक्री हुने सम्पत्ति बापत ऋणीले तिर्न बुझाउन बाँकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ । धितो चल सम्पत्ति जेजस्तो अवस्था तथा परिमाणमा छ सोहीलाई स्वीकार गरी लिनु पर्नेछ ।
६) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १० दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई चल सम्पत्ति आफ्नो नाउँमा नामसारी गराई लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।
७) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया: धरौटी रकम फिर्ता दिईने छैन ।
८) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
९) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा नै निहित रहनेछ ।
१०) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।
११) अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।

**नोट : बोलपत्र मिति २०८१।१२।०७ देखि २०८१।१२।११ सम्ममा पेश गर्नु पर्नेछ र सार्वजनिक बिदा परेमा बाहेक बोलपत्र मिति २०८१।१२।१२ मा खोलिने छ । सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिने छ ।**

काठमाडौं (अस)। ग्रीन डेभलपमेन्ट बैंकले यही चैत २७ गते १२ औं वार्षिक साधारणसभा बोलाएको छ। गत मंगलवार बसेको कम्पनीको सञ्चालक समितिको बैठकले होटल पिस प्यालेस, बाग्लुङ्गमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो।

# ग्रीन डेभलपमेन्ट बैंकले बोलायो साधारणसभा

गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय पनि सभाले टुंग्याउनेछ।

यस वर्ष कम्पनीले हाल कायम चुक्तापूँजी ५३ करोड ८७ लाख २२ हजार रुपैयाँका आधारमा ५ दशमलव ७५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ३०२७ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरणको प्रस्ताव गरेको छ। बोनस शेयर वितरणपछि कायम हुने ५६ करोड ९६ लाख ९८ हजार ५०० रुपैयाँको आधारमा १ बराबर १ दशमलव १०७१ को अनुपातमा हकप्रद शेयर निष्काशनको प्रस्ताव पनि सभाले पारित गर्नेछ। हकप्रद शेयर निष्काशनका लागि आवश्यक सम्पूर्ण कामको जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ। सभा प्रयोजनका लागि कम्पनीले चैत १५ गते एक दिन बुक क्लोज गर्न लागेको छ। बुक क्लोजको आधारमा चैत १४ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न सक्नेछन्।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

## Citizen Life Insurance Company Limited

LS Complex, Thapathali, Kathmandu, Contact No.: 01-5316000, 5970217
Email: info@citizenlifenepal.com |Website: www.citizenlifenepal.com

# आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक मिति २०८१/११/१८ मा कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित)

(यहाँ समावेश संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त स्वरुप मात्र हो)

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ साल फाल्गुण १६ गते शुक्रवार बसेको ११६औं बैठकको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**
मितिः २०८१/१२/१५ (तद्नुसार २८/०३/२०२५), शुक्रबार
स्थानः आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, नक्साल, काठमाण्डौं।
समयः बिहान ११:०० बजे।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावः**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर. एशोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, पुनः नियुक्तिका लागि योग्य रहनु भएको)
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.३,९३,७५,००,०००/- को १.४२०२२ (एक दशमलव चार दुई शुन्य दुई दुई) प्रतिशतले हुने रु. ५,५९,२१,०५२.६३/- (अक्षरुपी पाँच करोड उनानसाठी लाख एक्काइस हजार बाउन्न रुपैंया त्रिसठ्ठी पैसा) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.३,९३,७५,००,०००/- को २६.९८४१२६९८ (छब्बीस दशमलव नौ आठ चार एक दुई छ नौ आठ) प्रतिशतले हुने रकम रु.१,०६,२५,००,०००/- (अक्षरेपी एक अर्ब छ करोड पच्चीस लाख रुपैंया) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा।
२. बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. ५,००,००,००,०००/- (पाँच अर्ब) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ग) मा भएको तत्काल चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा।
३. कम्पनीबाट गरिएको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा।
४. संशोधित प्रबन्धपत्र अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी जानकारी

१. कम्पनीको आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/११/२८ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ। साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/११/२७ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयर धनीहरुले मात्र उक्त सभामा भाग लिन पाउने छन्।
२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता नम्बर (BOID) र आफ्नो परिचय खुल्ने कागजात तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र लिई आउनु हुन अनुरोध गरिन्छ।
३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा ४८ घण्टा अगावै (अर्थात मिति २०८१/१२/१३ गते बिहान ११:०० बजे भित्र) कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नुभएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द हुनेछ।
५. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एकजना व्यक्तिले मात्र सभामा भाग लिन पाउनु हुनेछ।
७. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारे २०८१ साल चैत्र १२ गते सम्ममा कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ। त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलका लागि समावेश गरिनेछ।
८. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ।
९. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैंले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट जवाफ दिइनेछ।
१०. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुला रहनेछ।
११. सञ्चालक समितिको प्रतिवेदन तथा लेखापरीक्षण भएको वित्तीय विवरणहरु कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गरी वा कम्पनीको वेवसाइट www.citizenlifenepal.com बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।
१२. सभा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, एल.एस कम्प्लेक्स, थापाथली, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ।

### कम्पनी ऐन, २०६३ तथा बीमा ऐन, २०७९ बमोजिमको आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त आर्थिक विवरण तथा सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभामा आदरणीय शेयरधनी महानुभावहरुलाई स्वागत गर्न पाउँदा अत्यन्तै हर्षित भएका छौं। सञ्चालक समितिको तर्फबाट यहाँहरु समक्ष समितिको वार्षिक प्रतिवेदनका साथै २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८० श्रावण १ देखि २०८१ आषाढ ३१ सम्मको नाफा नोक्सान विवरण, सोही अवधिको अन्य विस्तृत आम्दानी र इक्विटीमा भएको परिवर्तनको विवरण तत् सम्बन्धी अनुसूचीहरु, नगद लाभांश तथा बोनस शेयर वितरण लगायतका प्रस्तावका साथै कम्पनीको विभिन्न क्रियाकलापहरु यस वार्षिक प्रतिवेदन सँगै अनुमोदनको लागि साधारण सभा समक्ष प्रस्तुत गरेका छौं। कम्पनीले बैधानिक प्रावधानहरुको परिपालना गर्दै नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard, NFRS) को आधारमा कम्पनीका आर्थिक विवरणहरु तयार पारी प्रस्तुत गरेको छ। यहां प्रस्तुत विवरण कम्पनी ऐन, २०६३ को दफा ८४(४), बीमा ऐन, २०७९ को दफा ८७ (८) एवम् नेपाल बीमा प्राधिकरणबाट जारी वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८० को दफा ९ बमोजिमको संक्षिप्त स्वरुप हो।

**विगत वर्षको कारोबारको सिंहावलोकन :**

कम्पनीले समीक्षा अवधिमा आफ्नो व्यवसायिक यात्राको सातौं आर्थिक वर्ष पुरा गरी यहाँसम्म आइपुग्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा देखिएका विभिन्न आरोह अवरोह पार गरिआएको छ। यसका बाबजुद कम्पनीको कुशल व्यवसायिक रणनीति, संस्थागत सुशासनको मुलभूत मान्यतालाई आत्मसात गर्दै पारदर्शी एवम् गुणस्तरीय प्रविधियुक्त ग्राहकमुखी सेवाबाट कम्पनीले हासिल गरेका उपलब्धी तथा वित्तीय परिसूचकाङ्कहरु सकारात्मक एवम् उत्साहजनक रहेका छन्। यस कम्पनीको समीक्षा अवधिको आर्थिक तथा व्यवसायिक परिदृश्य तुलनात्मक रुपमा देहाय बमोजिम रहेको व्यहोरा अवगत गराउंदछौं।

रू. हजारमा

| विवरण | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | वृद्धि/(कमी) |
|---|---|---|---|
| जीवन बीमाकोष | १०,२०४,१६१ | १४,४२२,६८४ | ४१% |
| कुल बीमाशुल्क | ५,८९३,२६६ | ६,२१५,३३९ | ५% |
| कुल लगानी तथा कर्जा | १२,७६१,७२१ | १९,८९०,३१९ | ५६% |
| लगानी तथा अन्य आम्दानी | १,१८६,६६८ | १,७३४,३६० | ४६% |

समीक्षा अवधिको अधिकांश समय शिथिल अर्थतन्त्रका बाबजुद कम्पनीको कुल बीमाशुल्क आम्दानीमा गत वर्षको तुलनामा ५ प्रतिशत र लगानी तथा अन्य आम्दानीमा ४६ प्रतिशतको वृद्धि हासिल गर्नुका साथै सोही अवधिमा जीवन बीमाकोषमा ४१ प्रतिशतले वृद्धि गर्न सफल रहेको र आर्थिक वर्ष २०८०/०८१ मा व्यवस्थापन खर्च तथा बीमाशुल्क आम्दानीको अनुपात ११.७३ प्रतिशत कायम गर्न कम्पनी सफल भएको छ।

कम्पनीका लेखापरीक्षकले आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरण नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८० तथा नेपाल वित्तीय प्रतिवेदनमानका प्रावधानहरुको परिपालना हुने गरी तयार भएको र उक्त वित्तीय विवरणले कम्पनीको वित्तीय अवस्थाको यथार्थपरक चित्रण गरेको छ भन्ने बेहोराको राय सहितको प्रतिवेदन पेश गर्नु भएको छ।

### Statement of Financial Position
As At Ashadh 31, 2081 (July 15, 2024)

Fig in NPR

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| Assets: | | | |
| Goodwill & Intangible Assets | 4 | 2,822,809 | 2,505,085 |
| Property and Equipment | 5 | 231,373,813 | 235,740,566 |
| Investment Properties | 6 | - | - |
| Deferred Tax Assets | 7 | 677,960,434 | 635,650,542 |
| Investment in Subsidiaries | 8 | - | - |
| Investment in Associates | 9 | - | - |
| Investments | 10 | 19,079,801,107 | 12,127,149,590 |
| Loans | 11 | 810,518,362 | 634,571,621 |
| Reinsurance Assets | 12 | 2,630,000 | 93,107 |
| Current Tax Assets | 21 | 460,553,651 | 327,511,843 |
| Insurance Receivables | 13 | 32,737,814 | 46,676,376 |
| Other Assets | 14 | 10,089,478 | 35,686,102 |
| Other Financial Assets | 15 | 319,181,447 | 217,741,263 |
| Cash and Cash Equivalent | 16 | 412,303,295 | 464,897,050 |
| Total Assets | | 22,039,972,212 | 14,728,223,146 |
| Equity & Liabilities: | | | |
| Equity: | | | |
| Share Capital | 17 (a) | 3,937,500,000 | 2,625,000,000 |
| Share Application Money Pending Allotment | 17 (b) | - | - |
| Share Premium | 17 (c) | 1,512,188,265 | 13,037,437 |
| Catastrophe Reserves | 17 (d) | 175,447,465 | 137,250,191 |
| Retained Earnings | 17 (e) | 722,126,406 | 579,539,081 |
| Other Equity | 17 (f) | 714,822,955 | 657,177,783 |
| Total Equity | | 7,062,085,091 | 4,012,004,492 |
| Liabilities: | | | |
| Provisions | 18 | 28,506,080 | 22,689,111 |
| Gross Insurance Contract Liabilities | 19 | 14,422,683,859 | 10,204,161,327 |
| Deferred Tax Liabilities | 7 | - | - |
| Insurance Payable | 20 | 2,164,487 | 9,198,540 |
| Current Tax Liabilities | 21 | - | - |
| Borrowings | 22 | - | - |
| Other Liabilities | 23 | 254,381,866 | 230,356,119 |
| Other Financial Liabilities | 24 | 270,150,828 | 249,813,558 |
| Total Liabilities | | 14,977,887,121 | 10,716,218,654 |
| Total Equity and Liabilities | | 22,039,972,212 | 14,728,223,146 |

### Statement of Other Comprehensive Income
For Period from Shrawan 01, 2080 to Ashadh 31, 2081
(July 17, 2023 to July 15, 2024)

Fig in NPR

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| Net Profit/(Loss) For the Year | | 430,017,264 | 102,596,173 |
| Other Comprehensive Income | | | |
| a) Items that are or may be Reclassified to Profit or Loss | | | |
| Changes in Fair Value of FVOCI Debt Instruments | | - | - |
| Cash Flow Hedge - Effective Portion of Changes in Fair Value | | - | - |
| Exchange differences on translation of Foreign Operation | | - | - |
| Share of other comprehensive income of associates accounted for using the equity method | 9 | - | - |
| Income Tax Relating to Above Items | | - | - |
| Reclassified to Profit or Loss | | - | - |
| b) Items that will not be Reclassified to Profit or Loss | | | |
| Changes in fair value of FVOCI Equity Instruments | | 22,938,496 | 15,543,152 |
| Revaluation of Property & Equipment/ Goodwill & Intangible Assets | | - | - |
| Remeasurement of Post-Employment Benefit Obligations | | - | - |
| Share of other comprehensive income of associates accounted for using the equity method | 9 | - | - |
| Income Tax Relating to Above Items | | (5,734,624) | (3,885,788) |
| Total Other Comprehensive Income For the Year, Net of Tax | | 17,203,872 | 11,657,364 |
| Total Comprehensive Income For the Year, Net of Tax | | 447,221,136 | 114,253,537 |

### Statement of Profit or Loss
For Period from Shrawan 01, 2080 to Ashadh 31, 2081
(July 17, 2023 to July 15, 2024)

Fig in NPR

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| Income: | | | |
| Gross Earned Premiums | 25 | 6,215,338,761 | 5,893,266,051 |
| Premiums Ceded | 26 | (373,589,845) | (411,186,336) |
| Net Earned Premiums | | 5,841,748,916 | 5,482,079,715 |
| Commission Income | 27 | 32,877,165 | 51,876,177 |
| Other Direct Income | 28 | 17,344,331 | 15,697,135 |
| Interest Income on Loan to Policyholders | 11 | 85,998,744 | 52,439,811 |
| Income from Investments and Loans | 29 | 1,596,503,774 | 1,065,361,926 |
| Net Gain/(Loss) on Fair Value Changes | 30 | - | - |
| Net Realised Gains/(Losses) | 31 | - | - |
| Other Income | 32 | 1,635,770 | 1,293,394 |
| Total Income | | 7,576,108,700 | 6,668,748,158 |
| Expenses: | | | |
| Gross Benefits and Claims Paid | 33 | 1,828,060,112 | 1,902,818,961 |
| Claims Ceded | 33 | (305,895,629) | (267,727,102) |
| Gross Change in Contract Liabilities | 34 | 4,208,801,538 | 3,439,590,347 |
| Change in Contract Liabities Ceded to Reinsurers | 34 | (2,536,893) | 2,432,246 |
| Net Benefits and Claims Paid | | 5,728,429,129 | 5,077,114,452 |
| Commission Expenses | 35 | 645,546,135 | 718,889,220 |
| Service Fees | 36 | 43,813,117 | 44,918,778 |
| Other Direct expenses | 37 | - | - |
| Employee Benefits Expenses | 38 | 327,522,375 | 267,699,619 |
| Depreciation and Amortization Expenses | 39 | 56,580,790 | 54,430,347 |
| Impairment Losses | 40 | 223,485 | 499,449 |
| Other Operating Expenses | 41 | 382,991,294 | 380,497,838 |
| Finance Cost | 42 | 9,029,627 | 9,706,429 |
| Total Expenses | | 7,194,135,953 | 6,553,756,132 |
| Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax | | 381,972,748 | 114,992,026 |
| Share of Net Profit of Associates accounted using Equity Method | 9 | - | - |
| Profit Before Tax | | 381,972,748 | 114,992,026 |
| Income Tax Expense | 43 | (48,044,516) | 12,395,853 |
| Net Profit/(Loss) For The Year | | 430,017,264 | 102,596,173 |
| Earning Per Share: | 51 | | |
| Basic EPS | | 10.92 | 4.33 |
| Diluted EPS | | 10.92 | 4.33 |

S.A.R. ASSOCIATES
CHARTERED ACCOUNTANTS

To the Shareholders of Citizen Life Insurance Company Limited

**Report of The Independent Auditor on The Summary Financial Statements**

**Opinion**

The summary financial statements, which comprise the summary statement of financial positions as at Asadh 31, 2081 (July 15, 2024), the summary statement of profit and loss, summary statement of changes in equity and summary cash flow statement for the year then ended, and related notes, are derived from the audited financial statements of Citizen Life Insurance Company Limited for the year ended Asadh 31, 2081 (July 15, 2024).

In our opinion, the accompanying summary financial statements are consistent, in all material respects, with the audited financial statements, in accordance with Nepal Financial Reporting Standards.

**Summary Financial Statements**

The summary financial statements do not contain all the disclosures required by Nepal Financial Reporting Standards. Reading the summary financial statements and the auditor's report thereon, therefore, is not a substitute for reading the audited financial statements and the auditor's report thereon. The summary financial statements do not reflect the effects of events that occurred subsequent to the date of our report on the audited financial statements.

**The Audited Financial Statements and Our Report Thereon**

We expressed an unmodified audit opinion with Emphasis of Matter on the audited financial statements in our report dated February 20, 2025. That report also includes the communication of other key audit matters.

**Management's Responsibility for the Summary Financial Statements**

Management is responsible for the preparation of the summary financial statements in accordance with Nepal Financial Reporting Standards.

**Auditor's Responsibility**

Our responsibility is to express an opinion on whether the summary financial statements are consistent, in all material respects, with the audited financial statements based on our procedures, which were conducted in accordance with Nepal Standard on Auditing (NSA) 810 (Revised), *Engagements to Report on Summary Financial Statements.*

Aman Uprety
Partner

Place: Kathmandu, Nepal
Date: February 27, 2025

T +977 1 4520807 / 08 / 10 E info@sar.com.np
Address 64 Bishal Basti "Ka", Bishal Nagar, GPO Box 4585, Kathmandu, Nepal

### Statement of Changes In Equity
As At Ashadh 31, 2081 (July 15, 2024)

Fig in NPR

| Particulars | Ordinary Share Capital | Preference Shares | Share Application Money Pending Allotment | Share Premium | Retained Earnings | Revaluation Reserves | Capital Reserves | Catastrophe Reserve | Corporate Social Responsibility (CSR) Reserves | Insurance Fund | Fair Value Reserves | Actuarial Reserves | Deferred Tax Reserve | Other Reserves | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Balance as on Shrawan 1, 2079 | 1,750,000,000 | - | - | - | 477,196,178 | - | - | 125,750,988 | 3,560,957 | - | (18,060,131) | - | 645,912,139 | 33,245,610 | 3,017,605,741 |
| Prior period adjustment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Restated Balance as at Shrawan 1, 2079 | 1,750,000,000 | - | - | - | 477,196,178 | - | - | 125,750,988 | 3,560,957 | - | (18,060,131) | - | 645,912,139 | 33,245,610 | 3,017,605,741 |
| Profit/(Loss) For the Year | - | - | - | - | 102,596,173 | - | - | - | - | - | - | - | - | - | 102,596,173 |
| Other Comprehensive Income for the Year, Net of Tax | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iii) Exchange differences on translation of Foreign Operation | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | - | - | - | - | - | - | - | - | - | - | 11,657,364 | - | - | - | 11,657,364 |
| v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| vi) Remeasurement of Post-Employment Benefit Obligations | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer to Reserves/ Funds | - | - | - | - | (12,649,123) | - | - | 11,499,203 | 1,149,920 | - | - | - | - | (5,750,000) | (5,750,000) |
| Transfer to Deferred Tax Reserves | - | - | - | - | 12,395,853 | - | - | - | - | - | - | - | (12,395,853) | - | - |
| Transfer of Depreciation on Revaluation of Property and Equipment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Revalued Property and Equipment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer to Insurance Contract Liabilities | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Share Issuance Costs | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Contribution by/ Distribution to the owners of the Company | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| i) Bonus Share Issued | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ii) Share Issue | 875,000,000 | - | - | 13,037,437 | - | - | - | - | - | - | - | - | - | - | 888,037,437 |
| iii) Cash Dividend | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iv) Dividend Distribution Tax | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| v) CSR Expenses during the year | - | - | - | - | - | - | - | - | (2,142,223) | - | - | - | - | - | (2,142,223) |
| Balance as on Ashadh end, 2080 | 2,625,000,000 | - | - | 13,037,437 | 579,539,081 | - | - | 137,250,191 | 2,568,654 | - | (6,402,767) | - | 633,516,285 | 27,495,610 | 4,012,004,492 |
| Prior period adjustment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Restated Balance as at Shrawan 1, 2080 | 2,625,000,000 | - | - | 13,037,437 | 579,539,081 | - | - | 137,250,191 | 2,568,654 | - | (6,402,767) | - | 633,516,285 | 27,495,610 | 4,012,004,492 |
| Profit/(Loss) For the Year | - | - | - | - | 430,017,264 | - | - | - | - | - | - | - | - | - | 430,017,264 |
| Other Comprehensive Income for the Year, Net of Tax | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| i) Changes in Fair Value of FVOCI Debt Instruments | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ii) Gains/ (Losses) on Cash Flow Hedge | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iii) Exchange differences on translation of Foreign Operation | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iv) Changes in fair value of FVOCI Equity Instruments | - | - | - | - | - | - | - | - | - | - | 17,203,872 | - | - | - | 17,203,872 |
| v) Revaluation of Property & Equipments/ Goodwill & Intangible Assets | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| vi) Remeasurement of Post-Employment Benefit Obligations | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer to Reserves/ Funds | - | - | - | - | (42,017,002) | - | - | 38,197,275 | 3,819,727 | - | (9,720,994) | - | - | - | (9,720,994) |
| Transfer to Deferred Tax Reserves | - | - | - | - | (48,044,516) | - | - | - | - | - | - | - | 48,044,516 | - | - |
| Transfer of Depreciation on Revaluation of Property and Equipment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Revalued Property and Equipment | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Transfer to Insurance Contract Liabilities | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Share Issuance Costs | - | - | - | (39,849,172) | - | - | - | - | - | - | - | - | - | - | (39,849,172) |
| Contribution by/ Distribution to the owners of the Company | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| i) Bonus Share Issued | 187,500,000 | - | - | - | (187,500,000) | - | - | - | - | - | - | - | - | - | - |
| ii) Share Issue | 1,125,000,000 | - | - | 1,539,000,000 | - | - | - | - | - | - | - | - | - | - | 2,664,000,000 |
| iii) Cash Dividend | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| iv) Dividend Distribution Tax | - | - | - | - | (9,868,421) | - | - | - | - | - | - | - | - | - | (9,868,421) |
| v) CSR Expenses during the year | - | - | - | - | - | - | - | - | (1,701,948) | - | - | - | - | - | (1,701,948) |
| Balance as on Ashadh end, 2081 | 3,937,500,000 | - | - | 1,512,188,265 | 722,126,406 | - | - | 175,447,465 | 4,686,433 | - | 1,080,110 | - | 681,560,801 | 27,495,610 | 7,062,085,091 |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, ७ चैत २०८१ | Thursday, 20 March 2025
आर्थिक अभियान



तस्वीर : रासस

रुकुम पश्चिमको मुसिकोट नगरपालिका–७ ठुलीदहमा चर्दै गरेका भेडाका बथान । रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका–११ तकसेराबाट चरनका लागि हरेक वर्ष भेडी गोठालोहरूले यहाँ भेडा ल्याउने गर्दछन् ।

विद्युत् कटौतीले अस्तव्यस्त उत्पादन

# विक्रीको सिजनमै सुस्ताए निर्माण सामग्री उद्योग

**ओमप्रकाश खनाल**

वीरगञ्ज

भारतबाट विद्युत् आयात कटौती भएपछि बारा पर्सा कोरिडोरका उद्योगमा अघोषित लोडसेडिङ शुरू भएको छ । निर्माण सामग्री उत्पादनको केन्द्र मानिएको कोरिडोरमा विद्युत् कटौती भएपछि यस्ता उद्योग बढी प्रभावित भएको उद्यमीले बताएका छन् ।

माघ महीनादेखि निर्माण सामग्रीको माग बढ्ने भए पनि यही बेला विद्युत् कटौती बढेपछि उत्पादन अवरुद्ध भएको उद्योगी व्यवसायीको गुनासो छ । सिमेन्ट, डण्डी, पाइप, पेन्ट्सजस्ता उद्योग बढी विद्युत् खपत गर्ने उद्योग हुन् ।



बजारमा माग सृजना हुने समयमै विद्युत् कटौतीले उत्पादन गर्न नपाएपछि उद्योगी चिन्तित भएका छन् । बारा पर्सा कोरिडोरमा यस्ता उद्योगको संख्या करीब २ दर्जन जति छ । तर, अहिले अचाक्ली विद्युत् कटौतीका कारण यस्ता उद्योग समस्यामा परेको वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले बताए । अहिले कोरिडोरमा ११ केभीए प्रसारण लाइनबाट आपूर्ति लिएका उद्योगमा दैनिक ७/८ घण्टा कटौती भइरहेको छ । ३३ र ६६ केभीए प्रसारण लाइनमा १२ घण्टासम्म लाइन कटौती भइरहेको उद्योगीको गुनासो छ । यस्ता उद्योगमा ४/५ घण्टा 'लाइटिङ लोड' मात्र आपूर्ति दिने गरिएको उनीहरूको भनाइ छ ।

आपूर्ति दिइएको समयमा पनि ४/५ पटक विद्युत् काट्ने गरिएको र यसबाट उद्योगको कच्चापदार्थ खेर जाने, उपकरण, मोटर जल्नेजस्ता समस्या बढेको नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशका उद्योग समिति अध्यक्ष दीपेश अग्रवालले बताए ।

भारत र बंगलादेश विद्युत् निकासीको कुरा गर्ने सरकारले आपूर्ति व्यवस्थापन मिलाउन नसकेर स्वदेशी उद्योगको उत्पादन नै अस्तव्यस्त हुनु लज्जास्पद भएको वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले बताए । यही चैत ३ देखि भारतबाट आयात हुने विद्युत्को समय कटौती भएपछि नेपाल विद्युत् प्राधिकरणले आपूर्ति व्यवस्था मिलाउन उद्योगमा लाइन काट्नुपरेको प्राधिकरणका अधिकारीले बताएका छन् । त्यसअघि दैनिक २० घण्टा आयात हुनेमा अहिले १२ घण्टामात्रै भएपछि आपूर्तिमा समस्या भएको हो ।

अहिले बिहान ६ देखि साँझ ६ बजेसम्म मात्रै आयात भइरहेको प्राधिकरणले जनाएको छ । साँझ ६ बजेपछि उद्योगमा विद्युत् कटौती भइरहेको छ । अहिले आन्तरिक माग १९०० मेगावाट रहेकोमा ५ सय मेगावाट बिजुली आयातको भरमा आपूर्ति भइरहेको छ । नेपाल विद्युत् प्राधिकरण, वीरगञ्जका प्रमुख अवधेश दुवेले भारतबाट आयात घटेकाले कोरिडोरका उद्योगमा कटौती गर्नुपरेको बताए । परवानीपुर-रक्सौल प्रसारण लाइनबाट आपूर्ति बढाउने पहल भइरहेको जानकारी पनि उनले दिए । भारतीय पक्षसँग यसबारे पहल भइरहेको छ । 'अहिले १५० मेगावाट आइरहेकोमा १८० मेगावाट जति दिन आग्रह गरेका छौं,' उनले भने ।

# मध्यवर्ती क्षेत्रको पुनः सीमांकन गर्न समितिको निर्देशन

काठमाडौं । प्रतिनिधिसभा मातहतको कानून, न्याय तथा मानवअधिकार समितिले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र शिकार आरक्षको मध्यवर्ती क्षेत्रको पुनः नापजाँच र सीमांकनको व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको छ ।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि राष्ट्रिय निकुञ्ज र वनसँग सम्बन्धित विषयमा सांसदहरूले दिएका सुझावका आधारमा समितिले उक्त निर्देशन दिएको हो । नेपालमा हाल १२ राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष, एक शिकार आरक्ष, छ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र छन् । नेपालको कुल भू-भागको २३ दशमलव ३९ प्रतिशत अर्थात् ३४ हजार चार सय १९ दशमलव ७५ वर्गकिलोमिटर क्षेत्र निकुञ्ज र आरक्ष क्षेत्रले समेटेको छ । समितिका सभापति विमला सुवेदीले राष्ट्रिय निकुञ्ज र शिकार आरक्षको मध्यवर्ती क्षेत्रमा वन्यजन्तु र मानवबीचको द्वन्द्वसँग जोडिएका मानव अधिकारसम्बन्धी विषयलाई विधेयकमा समेट्ने गरी मन्त्रालयलाई निर्देशन दिइएको जानकारी दिइन् । उक्त विधेयकबारे संशोधनकर्ता, विज्ञ र मन्त्रालयका पदाधिकारीसँग सैद्धान्तिक छलफलसहित राय तथा परामर्श गरिएको उनले बताइन् ।

वन ऐनसँग सम्बन्धित र टुंग्याउन बाँकी रहेका मध्यवर्ती क्षेत्रका विषयलाई पनि समितिले बुधवार निष्कर्षमा पुऱ्याएको छ । एक वर्षअघि संसद्मा दर्ता भएको वनसहित करीब ८१ ओटा कानून समेटिएको उक्त विधेयक सर्वसम्मत अघि बढाउने निर्णय भएको सभापति सुवेदीले जानकारी दिइन् ।

समितिको आगामी बैठकबाट सुझावसहितको प्रतिवेदन पारित गरी विधेयक संसद्मा पेश गर्ने निर्णय भएको छ । समितिका सदस्यहरूले मध्यवर्ती क्षेत्रका नागरिकले भोग्नुपरेको समस्या समाधान गर्न पुनः नापनक्सा र सीमांकन गरिनुपर्ने आवश्यकतामा जोड दिएपछि समितिले सोका लागि सुझावसहित मन्त्रालयलाई निर्देशन दिएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका मुख्य सचेतक एवं समितिका सदस्य महेशकुमार बर्तौलाले वन पैदावारमा जनताको पहुँचलाई सहज बनाउन बनेको विधेयक बनाइएको बताए । मध्यवर्ती क्षेत्रका नागरिकले भोगिरहेका समस्या समाधान गर्न पुनः सीमांकन गर्न मन्त्रालयलाई सुझावसहित निर्देशन दिने निर्णय भएको जानकारी उनले दिए । *रासस*

## नागरिक वडापत्रको उपयोग गरौं

नागरिक वडापत्रमा :

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

सेवाग्राहीले :

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेला चैत १४ गतेदेखि

**अभियान संवाददाता**

काठमाडौं

महिला उद्यमी महासंघ नेपालको आयोजनामा आठौं संस्करणको अन्तरराष्ट्रिय महिला उद्यमी तथा व्यापार मेला-२०८१ यही चैत १४ गतेदेखि शुरू हुने भएको छ । महिला उद्यमीहरूले उत्पादन गरेका वस्तु तथा सेवाको प्रवर्द्धन तथा बजारीकरणको उद्देश्यले महासंघले उक्त व्यापार मेला गर्न लागेको हो । मेला चैत १८ गतेसम्म चल्नेछ ।

महासंघले बुधवार काठमाडौंमा पत्रकार सम्मेलन गरेर अन्तरराष्ट्रिय महिला उद्यमी व्यापार मेलाको तयारी र यसका उद्देश्यबारे जानकारी गराएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने उक्त मेला ललितपुरस्थित हेरिटेज गार्डेनमा हुने महासंघका अध्यक्ष शोभा ज्ञवालीले जानकारी दिइन् । आठौं संस्करणको सो मेलामा १४४ ओटा विक्री स्टल रहनेछन् । उनका अनुसार ६० हजार उपभोक्ता तथा अवलोकनकर्ताले व्यापार मेला अवलोकन गर्ने र २ करोड २५ लाख रुपैयाँको कारोबार हुने अनुमान गरिएको छ ।

मेलामा ६ प्रकारका स्टल रहने महासंघले जानकारी गराएको छ । महासंघका अनुसार वातावरणमैत्री उत्पादन, हस्तकला, कृषि, व्यापार तथा सेवा, खाद्य र अन्तरराष्ट्रिय स्तरबाट सहभागिता हुँदा उनीहरूले ल्याउने वस्तुका स्टल हुनेछन् । मेलालाई नेपाल सरकार र विभिन्न गैरसरकारी संस्थाले सहयोग गरेका छन् ।




- २ करोड २५ लाखको कारोबार हुने अपेक्षा
- ५ हजारभन्दा बढी महिला उद्यमी लाभान्वित हुने

७२ जिल्लामा पहुँच पुऱ्याएको महासंघले आयोजना गर्ने उक्त मेलामा महिला उद्यमी जिल्ला संघहरूमा आबद्ध ५ हजार ५०० भन्दा बढी महिलाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ लिने अध्यक्ष ज्ञवालीले जानकारी दिइन् । महिला उद्यमशीलता प्रवर्द्धन, महिला उद्यमीका उत्पादनको बजारीकरणका साथै नेटवर्किङमा सघाउने उद्देश्यले महासंघले सन् २०१६ देखि यस्तो मेला आयोजना गर्दै आएको छ । मेलामा देशभरका महिलाले उत्पादन गरेका वस्तु प्रदर्शनीमा राखिँदै आएको छ ।

पहिलो संस्करणमा १८ जिल्लाका महिला संघका महिला उद्यमी र १० हजार अवलोकनकर्ताको सहभागितामा शुरू भएको यो मेलाको आठौं संस्करणसम्म आउँदा उद्यमी महिला र कारोबारका साथै उद्यमी महिलाको सञ्जाल पनि विस्तार भएको अध्यक्ष ज्ञवालीले बताइन् । 'पाँचौं संस्करणसम्म वस्तु तथा सेवा मात्र विक्री गरिएको थियो,' उनले भनिन्, 'तर छैटौंदेखि भने महिला उद्यमशीलता, डिजिटल कारोबारको साक्षरता, कर्जा तथा सहुलियतका विषयमा महिला उद्यमीलाई जानकारी दिन मेलास्थलमै सामूहिक छलफल राखिँदै आएको छ ।'

महासंघका तृतीय उपाध्यक्ष बासन्ती प्रधानले महासंघको सञ्जाल अहिले ७२ जिल्लामा पुगिसकेको र बाँकी जिल्लामा यही वर्षभित्र पुग्ने तयारी गरिएको बताइन् । डोल्पा, हुम्ला, मनाङ, पाँचथर, खोटाङ जस्ता जिल्लामा पनि सञ्जाल पुऱ्याउने तयारी भएको उनको भनाइ छ । पछिल्लो समय महिला उद्यमीले उत्पादन गरेका वस्तुको परिमाण मात्रै नभई गुणस्तरमा पनि वृद्धि भइरहेको र अन्तरराष्ट्रियस्तरबाट पनि माग बढिरहेको उनले बताइन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, अन्तरराष्ट्रिय श्रम संगठन, कृषि विकास बैंक, नबिल बैंक, नेपालका लागि अष्ट्रेलियन राजदूतावासलगायत संस्थाले मेलामा सहकार्य तथा आर्थिक सहयोग गरेका छन् ।

# माथिल्लो ठूलोखोला 'ए' आयोजना अन्तिम चरणमा

म्याग्दी । म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन माथिल्लो ठूलोखोला 'ए' जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । उक्त आयोजनाको हालसम्म ७५ प्रतिशत निर्माण सकिएको छ ।

ठूलोखोला हाइड्रोपावर लिमिटेडले रघुगंगा-७ चिमखोला र वडा नं ८ कुइनेमंगलेको सीमा क्षेत्रमा निर्माण गर्न लागेको २२ दशमलव ५ मेगावाट क्षमताको उक्त आयोजना निर्माण शुरू गरेको दुई वर्षको अवधिमा बाँध, विद्युत्गृह र पाइप लाइनतर्फको ८० देखि ९० प्रतिशत काम सकिएको ठूलोखोला हाइड्रोपावरका वित्त प्रमुख प्रदीप खतिवडाले जानकारी दिए ।

उनका अनुसार आगामी जेठ मसान्तभित्र परीक्षण उत्पादन गर्ने लक्ष्यका साथ आयोजनाको पूर्वाधार निर्माणलाई गति दिइएको छ ।

आयोजनाको पूर्वाधारतर्फको निर्माण कम्पनी देव ऊर्जा कन्स्ट्रक्सन प्रालिले दैनिक दुई सय जनशक्ति परिचालन गरेर काम गरिरहेको छ । आयोजनाका लागि आवश्यक पर्ने उपकरण ढुवानीको काम धमाधम भइरहेको छ । विद्युत्गृहमा विद्युतीय उपकरण र सामग्री जडानको काम भइरहेको वित्त प्रमुख खतिवडाले बताए ।

सुरुङरहित यस आयोजनामा कुल दुई हजार आठ सय मिटर पाइप लाइन जडानको काम अन्तिम चरणमा पुगेको छ । सुगुरथलामाथि रघुगंगा नदीमा निर्माण भएको बाँधबाट पेनस्टक पाइप लाइन हुँदै ल्याउने पानीलाई सेतिनी भ्यालीको फेदीमा रहने विद्युत् गृहमा खसालेर उत्पादन हुने आयोजना प्रमुख लोकबहादुर नायकले जानकारी दिए । उनका अनुसार उत्पादित विद्युत् राष्ट्रिय ग्रिडमा जोड्न प्रसारण लाइन निर्माण समेत धमाधम भइरहेको छ ।

रू. तीन अर्ब लागत अनुमान गरिएको यस आयोजनामा प्रवर्द्धकको तर्फबाट ३० प्रतिशत लगानी रहेको छ भने बाँकी ७० प्रतिशत लगानी सिटिजन्स बैंकको नेतृत्वमा कृषि विकास बैंक र माछापुच्छ्रे बैंकले गर्ने वित्तीय सम्झौता भएको छ । *रासस*

तथ्यांकोवाच

## चोयाबाट निर्मित बास्केट आदि सामग्रीको विश्व आयात बजार २ अर्ब २४ करोड अमेरिकी डलर

चोयाबाट निर्मित बास्केट आदि सामग्रीको विश्व आयात २ अर्ब २४ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको चोयाबाट निर्मित बास्केट आदि सामग्रीको क्षेत्रमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | औसत भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| विश्व | २,२३८,४१६ | | १०० | |
| **प्रमुख मुलुकहरू** | | | | |
| संयुक्त राज्य अमेरिका | ६०९,४८१ | -५७८,२०३ | २७.२ | २.७ |
| जापान | १७४,२३३ | -१७१,९४९ | ७.८ | २ |
| जर्मनी | १४२,७३३ | -७८,३३१ | ६.४ | १.१ |
| फ्रान्स | १४०,१८४ | -७४,३०४ | ६.३ | १.१ |
| स्पेन | ९२,८९० | -१७,४७७ | ४.१ | १.१ |
| संयुक्त अधिराज्य | ९१,८७० | -८३,४६५ | ४.१ | ०.५ |
| नेदरल्याण्ड्स | ८६,२२१ | ११,०४५ | ३.९ | १.१ |
| इटाली | ८२,७३७ | -४३,३३४ | ३.७ | १.१ |
| संयुक्त अरब इमिरेट्स | ४८,९८७ | ८,१९४ | २.२ | ४.५ |
| पोल्याण्ड | ४५,८९८ | १७,३५२ | २.१ | १.१ |
| क्यानाडा | ४१,९४३ | २,०८३ | १.९ | २.२ |
| साउदी अरेबिया | ३९,९४८ | -३७,८३८ | १.८ | ४.५ |
| बेल्जियम | ३७,४२० | -१८,२२५ | १.७ | १.१ |
| अष्ट्रेलिया | ३४,२०१ | -३३,४३५ | १.५ | ० |
| स्विट्जरल्याण्ड | ३०,५७१ | -२८,८४० | १.४ | ०.५ |
| कोरिया, गणराज्य | २७,७२७ | -२६,४१४ | १.२ | ४.५ |
| ग्रीस | २६,५९३ | -१०,७३२ | १.२ | १.१ |
| डेनमार्क | २५,१९३ | -४,२८० | १.१ | १.१ |
| चीन | २३,२०७ | १,५४७,७३३ | १ | १२.८ |
| अस्ट्रिया | २२,२१६ | -१७,३१९ | १ | १.१ |
| स्वीडेन | २२,१५० | -९,८४० | १ | १.१ |
| भियतनाम | २१,३१५ | ३०१,६९३ | १ | १९.१ |
| रूसी संघ | १९,८६४ | -१९,१७५ | ०.९ | ५.३ |
| टर्की | १८,८१९ | -१४,३०८ | ०.८ | १.६ |
| मेक्सिको | १७,३५५ | १९,६३८ | ०.८ | ११.४ |
| पोर्चुगल | १६,४२९ | -१५,०६६ | ०.७ | १.१ |
| चेक गणराज्य | १६,१४६ | -११,५८४ | ०.७ | १.१ |
| इजरायल | १२,८६१ | -५,९७९ | ०.६ | ० |
| रोमानिया | ११,७५३ | -७,४४४ | ०.५ | १.१ |
| नर्वे | ११,६०८ | -११,३७५ | ०.५ | ० |
| हंगेरी | ११,५७६ | -१,५५७ | ०.५ | १.१ |
| कुवेत | १०,७९५ | -१०,७२५ | ०.५ | ४.५ |
| ताइपेई, चिनियाँ | १०,२०७ | -१,०२० | ०.५ | ५.३ |
| हङकङ, चीन | ९,७९९ | -५,३८० | ०.४ | ० |
| ब्राजिल | ९,७९५ | -९,२७२ | ०.४ | ११.४ |
| आयरल्याण्ड | ८,७४३ | -८,४७२ | ०.४ | १.१ |
| भारत | ८,२२६ | ५६,८१५ | ०.४ | ८.६ |
| काजाकिस्तान | ७,२९९ | -७,२८३ | ०.३ | ५.३ |
| फिनल्याण्ड | ६,८९० | -५,२३३ | ०.३ | १.१ |
| न्यूजील्याण्ड | ६,८८८ | -६,८५३ | ०.३ | १.३ |
| स्लोभाकिया | ६,८७८ | -३,३१४ | ०.३ | १.१ |

*स्रोत : आइटिसी ट्रेडम्याप*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित    प्रधान सम्पादक : मदन लम्साल    सम्पादकीय निर्देशक : केशव गौतम    कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ    पाञ्चायनमार्ग, थापाथली, काठमाडौं    पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७    इमेल : editorial@abhiyan.com.np    मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर